# खजुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाँके , लुम्बिनी प्रदेश, नेपाल




# मध्यमकालीन खर्च संरचना
# (आ.व.२०८०/८१-२०८२/८३ )

# मध्यमकालीन खर्च संरचना(आ.व.२०८०/८१- २०८२/८३)

प्रकाशक : खजुरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन मिति : २०८०

प्राविधिक सहयोगः

सम्पर्कका लागिः

बागेश्वरी४-, खजुरा, बाँके,नेपाल

फोन नं०८१५६०१८७-९७७+ : .

इमेल: info@khajuramun.gov.np

khajura666@gmail.com

# मन्तव्य



मध्यमकालीन खर्च संरचना स्थानीय सरकारको अनिवार्य दायित्वको रुपमा रहेको छ।अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुपुर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रुपमा लिनुपर्ने व्यवस्था अनिवार्य गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले उपलब्ध हुने सक्ने संभाव्य श्रोत साधन पहिचान गरी अनुमानित र विनियोजन बजेटको बीचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गरी आवधिक विकास योजनालाई वार्षिक योजना संग जोडी योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा संचालन तथा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी तथा पारदर्शी टेवा पुग्छ ।आम नागरिकले संघीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गर्ने तथा कार्यान्वयन योग्य योजना छनौट तथा सोको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्नु जरुरी देखिन्छ। यसका साथै स्थानीय सरकारका नीति, कानून, कार्यविधि र मापदण्ड निर्माण, योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा संचालन तथा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी तथा पारदर्शी बनाउन आवश्यक छ ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन एउटा महत्वपूर्ण औजार भएको हुनाले दीगो विकासका लक्ष्य तथा संघ, प्रदेश र स्थानीय सरकारहरुको सोच, तथा लक्ष्य पुरा गर्न सहज हुन्छ ।

अन्त्यमा, यस खजुरा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न सहयोग गर्ने सम्पूर्ण कर्मचारी, गाउँपालिकाका पदाधिकारी लगायत विज्ञ टोलीलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**डम्बर बहादुर वि.क.**
**गाउँपालिका अध्यक्ष**

# मन्तव्य



स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारलाई मार्गदर्शन गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु पूर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रुपमा लिनुपर्ने व्यवस्था गरेको छ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उदेश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँड गरी खर्चको प्रभावकारिता बढाउनु हो। जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी विकासलाई नतिजामूलक तथा परिणामुखी बनाउन अधिकतम प्रयास गर्नुपर्दछ । स्रोत, साधन तथा क्षमता र पूर्वाधार विकासको न्यून अवस्था र तीव्र विकासको जनचाहाना सम्बोधन गर्नु आफैमा कठिन र चुनौतिपूर्ण कार्य हो ।

यसै सन्दर्भमा खजुरा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने क्रममा सहयोग पुर्याउनु हुने पदाधिकारी, सम्पूर्ण कर्मचारीहरू तथा विज्ञहरू प्रति धन्यवाद व्यक्त गर्दै सबैको निरन्तर सहयोग र साथको सदैव अपेक्षा गर्दछु ।

**मन्जु मल्ल**

**गाउँपालिका उपाध्यक्ष**

# प्राक्कथन



अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु पूर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रुपमा लिनुपर्ने व्यवस्था गरेको छ ।

मध्यमकालीन खर्च संरचना संभाव्य श्रोत साधन पहिचान गरी अनुमानित र विनियोजन बजेटको बीचको अन्तरलाई कम गरी आवधिक विकास योजनालाई वार्षिक योजना संग जोड्न, योजना तथा बजेट तर्जुमा गर्न, विकास व्यवस्थापन र सेवा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी बनाउने औजारको रुपमा प्रयोग भएको छ ।

दिगो विकास लक्ष्य, राष्ट्रिय र प्रादेशिक सरकारको लक्ष्य पनि पुरा हुने तथा आम नागरिकले संघीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभूति गर्ने गरी कार्यान्वयन योग्य योजना छनौट तथा सोको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्नु जरुरी देखिन्छ। यसका साथै स्थानीय सरकारका नीति, कानून, कार्यविधि र मापदण्ड निर्माण, योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी बनाउन आवश्यक छ ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन एउटा महत्वपूर्ण औजार भएको हुनाले दीगो विकासका लक्ष्य तथा संघ, प्रदेश र स्थानीय सरकारहरुको सोच, तथा लक्ष्य पुरा गर्न टेवा पुग्छ ।

अन्त्यमा, यस खजुरा गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न सहभागी भई सहयोग गर्ने सम्पूर्ण गाउँपालिकाका पदाधिकारी, कर्मचारी लगायत विज्ञ टोलीलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अर्जुन प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूचि

विषयसूचि ........ ६

परिच्छेद -१ परिचय ........ १७

१.१ पृष्ठिभूमी ........ १७

१.२ अवधारणा तथा उद्देश्य ........ १८

१.२.१ अवधारणा ........ १८

१.२.२ उद्देश्य ........ १८

१.३ संस्थागत ब्यवस्था ........ १९

१.३.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ........ १९

१.३.२ मध्यमकालीन खर्च संरचना कार्यदल ........ १९

१.३.३ विषयगत योजना तर्जुमा समितिहरू ........ २०

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ........ २०

१.४.१ कार्यतालिका तथा जिम्मेवारी निर्धारण ........ २०

१.४.२ मध्यमकालीन खर्च सरंचना तर्जुमा प्रक्रिया ........ २१

क. चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा ........ २१

खजुरा गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........ २२

ख. त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन ........ २३

ग. बजेट सीमा निर्धारण तथा बाँडफाँट ........ २४

घ. बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण ........ २४

परिच्छेद -२ मध्यमकालीन खर्च संरचना ........ २५

२.१ पृष्ठभूमि ........ २५

२.२ सोच, उद्देश्य तथा रणनीति ........ २५

उदेश्य ........................................................ २६
समष्टिगत उदेश्य : ........................................................ २६
रणनीति ........................................................ २६
२.३ मध्यमकालीन आर्थिक खाका ........................................................ २८
मध्यमकालीन आर्थिक खाका ........................................................ २८
विषय क्षेत्रगत खर्च खाका ........................................................ २९
२.४ मध्यमकालीन नतिजा खाका ........................................................ २९
मध्यमकालीन नतिजा खाका ........................................................ ३०
२.५ मध्यमकालीन बजेट खाका ........................................................ ३१
मध्यमकालीन बजेट खाका ........................................................ ३२
२.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड ........................................................ ३५
२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण रु. हजारमा ............. ३५
२.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ........................ ३६
२.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण रकम रु हजारमा ३६
२.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण रकम रु हजारमा...... ३८
२.६.५ जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण रकम रु हजारमा .... ३९
२.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ...................... ३९
२.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ ३९
परिच्छेद-३ आर्थिक क्षेत्र ........................................................ ४२
आर्थिक विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................ ४२
३.१ कृषि तथा पशुपन्छी ........................................................ ४२
३.१.१ पृष्टभूमि ........................................................ ४२

३.१.२ समस्या तथा चुनौती ..................................................... ४३

३.१.३ लक्ष्य ..................................................... ४३

३.१.४ रणनीति ..................................................... ४३

३.१.५ परिमाणात्मक स्थिति ..................................................... ४३

३.१.६ अपेक्षित उपलब्धि ..................................................... ४३

३.२ सिँचाइ ..................................................... ४३

३.२.१ पृष्ठभूमि ..................................................... ४३

३.२.२ समस्या तथा चुनौती ..................................................... ४४

३.२.३ लक्ष्यः ..................................................... ४४

३.२.४ रणनीति ..................................................... ४४

३.२.४ परिणात्मक स्थिति ..................................................... ४४

३.२.५. अपेक्षित उपलब्धि ..................................................... ४४

३.३ भूमि व्यवस्था ..................................................... ४४

३.३.१ पृष्ठिभूमि ..................................................... ४४

३.३.२ समस्या र चुनौती ..................................................... ४४

३.३.३ लक्ष्य ..................................................... ४५

३.३.४ रणनीति ..................................................... ४५

३.३.५ अपेक्षित उपलब्धि ..................................................... ४५

३.४ सहकारी तथा गरिबी निवारण ..................................................... ४५

३.४.१ पृष्ठिभूमि ..................................................... ४५

३.४.२ समस्या र चुनौती ..................................................... ४५

३.४.३ लक्ष्य ..................................................... ४५

३.४.४ रणनीति तथा कार्यनीति........................................................................................ ४५

३.४.५ परिणात्मक स्थिति........................................................................................ ४६

३.४.६ अपेक्षित उपलब्धि........................................................................................ ४६

३.५ उद्योग, वाणिज्य तथा आपूर्ति........................................................................................ ४६

३.५.१ पृष्ठिभूमि........................................................................................ ४६

३.५.२ समस्या र चुनौती........................................................................................ ४६

३.५.३ लक्ष्य........................................................................................ ४६

३.५.४ रणनीति........................................................................................ ४६

३.५.५ परिणात्मक स्थिति........................................................................................ ४७

३.४.६ अपेक्षित उपलब्धि........................................................................................ ४७

३.६ संस्कृति तथा पर्यटन........................................................................................ ४७

३.६.१ पृष्ठिभूमि........................................................................................ ४७

३.६.२ समस्या र चुनौती........................................................................................ ४७

३.६.३ लक्ष्य........................................................................................ ४७

३.६.४ रणनीति........................................................................................ ४७

३.६.५ परिणात्मक स्थिति........................................................................................ ४७

३.६.६ अपेक्षित उपलब्धि........................................................................................ ४८

३.७ श्रम तथा रोजगारी........................................................................................ ४८

३.७.१ पृष्ठिभूमि........................................................................................ ४८

३.७.२ समस्या र चुनौती........................................................................................ ४८

३.७.३ लक्ष्य........................................................................................ ४८

३.७.४ रणनीति........................................................................................ ४८

३.७.५ परिणात्मक स्थिति........................................................................... ४८

३.७.६ अपेक्षित उपलब्धि...........................................................................४९

सामाजिक विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........................................... ५१

४.१ स्वास्थ्य तथा पोषण........................................................................... ५१

४.१.१ पृष्ठिभूमि........................................................................... ५१

४.१.२ समस्या र चुनौती........................................................................... ५१

४.१.३ लक्ष्य........................................................................... ५१

४.१.४ रणनीति........................................................................... ५२

४.१.५ परिणात्मक स्थिति........................................................................... ५२

४.१.६ अपेक्षित उपलब्धि........................................................................... ५२

४.२ शिक्षा, विज्ञान तथा प्रविधि........................................................................... ५२

४.२.१ पृष्ठिभूमि........................................................................... ५२

४.२.२ समस्या र चुनौती........................................................................... ५२

४.२.३ लक्ष्य........................................................................... ५२

४.२.४ रणनीति........................................................................... ५२

४.२.५ परिणात्मक स्थिति........................................................................... ५३

४.२.६ अपेक्षित उपलब्धि........................................................................... ५३

४.३ युवा, खेलकुद तथा नवप्रवर्तन........................................................................... ५३

४.३.१ पृष्ठिभूमि........................................................................... ५३

४.३.२ समस्या र चुनौती........................................................................... ५३

४.३.३ लक्ष्य........................................................................... ५३

४.३.४ रणनीति........................................................................... ५३

४.३.५ परिणात्मक स्थिति......................................................................................................५४

४.३.६ अपेक्षित उपलब्धि......................................................................................................५४

४.४ महिला, बालबालिका तथा समाज कल्याण......................................................................................५४

४.१.१ पृष्ठिभूमि......................................................................................................५४

४.१.२ समस्या र चुनौती......................................................................................................५४

४.१.३ लक्ष्य......................................................................................................५४

४.१.४ रणनीति......................................................................................................५४

४.१.५ परिणात्मक स्थिति......................................................................................................५४

४.१.६ अपेक्षित उपलब्धि......................................................................................................५४

४.५ खानेपानी तथा सरसफाई......................................................................................................५५

४.१.१ पृष्ठिभूमि......................................................................................................५५

४.१.२ समस्या र चुनौती......................................................................................................५५

४.१.३ लक्ष्य......................................................................................................५५

४.१.४ रणनीति......................................................................................................५५

४.१.५ परिणात्मक स्थिति......................................................................................................५५

४.१.६ अपेक्षित उपलब्धि......................................................................................................५५

४.१.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण......................................................................................५५

पुर्वाधार विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......................................................................५८

५.१ भवन, आवास, बस्ती तथा शहरी विकास......................................................................................५८

५.१.१ पृष्ठिभूमि......................................................................................................५८

५.१.२ समस्या र चुनौती......................................................................................................५८

५.१.३ लक्ष्य......................................................................................................५९

५.१.४ रणनीति ........ ५९

५.१.५ परिणात्मक स्थिति........ ५९

५.१.६ अपेक्षित उपलब्धि........ ५९

५.२ सडक तथा यातायात व्यवस्था........ ५९

५.२.१ पृष्ठिभूमि........ ५९

५.२.२ समस्या र चुनौती........ ५९

५.२.३ लक्ष्य........ ५९

५.२.४ रणनीति ........ ५९

५.२.५ परिणात्मक स्थिति........ ६०

५.२.६ अपेक्षित उपलब्धि........ ६०

५.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा ........ ६०

५.३.१ पृष्ठिभूमि........ ६०

५.३.२ समस्या र चुनौती........ ६०

५.३.३ लक्ष्य........ ६०

५.३.४ रणनीति ........ ६०

५.३.५ परिणात्मक स्थिति........ ६०

५.३.६ अपेक्षित उपलब्धि........ ६०

५.४ सूचना तथा सञ्चार........ ६०

५.४.१ पृष्ठिभूमि........ ६०

५.४.२ समस्या र चुनौती........ ६१

५.४.३ लक्ष्य........ ६१

५.४.४ रणनीति ........ ६१

५.४.५ परिणात्मक स्थिति....................................................................................................६१

५.४.६ अपेक्षित उपलब्धि....................................................................................................६१

५.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण....................................................................................६१

वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........६३

६.१ वन तथा जैविक विविधता....................................................................................................६३

६.१.१ पृष्ठिभूमि....................................................................................................६३

६.१.२ समस्या र चुनौती....................................................................................................६३

६.१.३ लक्ष्य....................................................................................................६४

६.१.४ रणनीति....................................................................................................६४

६.१.५ परिणात्मक स्थिति....................................................................................................६४

६.१.६ अपेक्षित उपलब्धि....................................................................................................६४

६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन....................................................................................................६४

६.२.१ पृष्ठिभूमि....................................................................................................६४

६.२.२ समस्या र चुनौती....................................................................................................६४

६.२.३ लक्ष्य....................................................................................................६४

६.२.४ रणनीति....................................................................................................६४

६.२.५ परिणात्मक स्थिति....................................................................................................६४

६.२.६ अपेक्षित उपलब्धि....................................................................................................६४

६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन....................................................................................................६५

६.३.१ पृष्ठिभूमि....................................................................................................६५

६.३.२ समस्या र चुनौती....................................................................................................६५

६.३.३ लक्ष्य....................................................................................................६५

६.३.४ रणनीति ................................................................................................ ६५

६.४.५ परिणात्मक स्थिति................................................................................................ ६५

६.५.६ अपेक्षित उपलब्धि................................................................................................ ६५

६.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता................................................................ ६५

६.४.१ पृष्ठिभूमि................................................................................................ ६५

६.४.२ समस्या र चुनौती................................................................................................६६

६.४.३ लक्ष्य................................................................................................६६

६.४.४ रणनीति ................................................................................................६६

६.४.५ परिणात्मक स्थिति................................................................................................६६

६.४.६ अपेक्षित उपलब्धि................................................................................................६६

६.४.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण................................................................................६६

६.६. जोखिम पक्ष तथा अनुमान................................................................................ ६७

संस्थागत विकास तथा सुशासन विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.............................. ६८

७.१ कानून, न्याय तथा सुशासन................................................................................ ६९

७.१.१ पृष्ठिभूमि................................................................................................ ६९

७.१.२ समस्या र चुनौती................................................................................................ ६९

७.१.३ लक्ष्य................................................................................................ ६९

७.१.४ रणनीति ................................................................................................ ६९

७.१.५ परिणात्मक स्थिति................................................................................................ ६९

७.१.६ अपेक्षित उपलब्धि................................................................................................ ६९

७.२ संगठनात्मक विकास तथा मानव संशाधन................................................................७०

७.२.१ पृष्ठिभूमि................................................................................................७०

७.२.२ समस्या र चुनौती........................................................................................ ७०
७.२.३ लक्ष्य ............................................................................................................ ७०
७.२.४ रणनीति ........................................................................................................ ७०
७.२.५ परिणात्मक स्थिति........................................................................................ ७०
७.२.६ अपेक्षित उपलब्धि.......................................................................................... ७०
७.३ स्रोत परिचालन .................................................................................................. ७०
७.३.१ पृष्ठिभूमि........................................................................................................ ७०
७.३.२ समस्या र चुनौती........................................................................................ ७१
७.३.३ लक्ष्य ............................................................................................................ ७१
७.३.४ रणनीति ........................................................................................................ ७१
७.३.५ परिणात्मक स्थिति........................................................................................ ७१
७.३.६ अपेक्षित उपलब्धि.......................................................................................... ७१
७.४ तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन.................................................................. ७१
७.४.१ पृष्ठिभूमि........................................................................................................ ७१
७.४.२ समस्या र चुनौती........................................................................................ ७२
७.४.३ लक्ष्य ............................................................................................................ ७२
७.४.४ रणनीति ........................................................................................................ ७२
७.४.५ परिणात्मक स्थिति........................................................................................ ७२
७.४.६ अपेक्षित उपलब्धि.......................................................................................... ७२
७.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.............................................................. ७२
७.६. जोखिम पक्ष तथा अनुमान.................................................................................. ७३
(१) आर्थिक विकास.................................................................................................. ७४

२. सामाजिक क्षेत्रः शिक्षा तथा खेलकुद ........................................................................ ७५

३. स्वास्थ्य ................................................................................................ ७६

४. खानेपानी तथा सरसफाइ ............................................................................ ७७

५. भौतिक पूर्वाधार........................................................................................ ७७

६. वन वातावरण तथा विपद् व्यवस्थापन ......................................................... ७८

७. संस्थागत विकास तथा सुशासन................................................................... ७९

# परिच्छेद -१ परिचय

## १.१ पृष्ठिभूमी

संघीयता कार्यान्वयनको महत्वपूर्ण भूमिकामा रहेका स्थानीय तहहरुको दीर्घकालीन लक्ष्य राष्ट्रिय लक्ष्य अनुसार समृद्ध पालिका र सुखी गाउँवासी हुनु पर्दछ । राष्ट्रिय पन्ध्रौ योजना र दिगो विकासका लक्ष्य तथा लुम्बिनी प्रदेश सरकारको प्रदेश आवधिक योजना र यसले लिएका लक्ष्य तथा गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरु हासिल गर्न वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहहरुको समृद्धि भनेको समग्र प्रदेश हुदै मुलुककै समृद्धि हो त्यसकारण स्थानीय तहहरु कार्यान्वयनका पक्षले प्रथम कर्ता समेत हुन् । गाउँपालिकाहरुको आवधिक योजना भनेको दीर्घकालीन सोचलाई चरितार्थ गर्ने किसिमबाट कार्यान्वयन गर्न बनाइएको हुन्छ । आवधिक योजनाले निर्दिष्ट गरे अनुसार योजनाबद्ध रुपमा वार्षिक विकासका कार्यक्रमहरु तय गर्नुपर्दछ । वार्षिक कार्यक्रमहरुको तजुर्मा र सफल कार्यान्वयन पश्चात निर्दिष्ट लक्ष्यहरुको हासिल र प्रतिफल मापन गर्नु समेत आवश्यक हुन्छ । आवधिक योजनाले तय गरेका विकास र समृद्धिका कार्यक्रमहरु समयमानै सम्पन्न गर्नको लागी आर्थिक स्रोत, वित्त परिचालन र वित्तीय अनुशासनको आवश्यकता पर्दछ । यसरी आवधिक योजना र वार्षिक कार्यक्रम बीच तालमेल मिलाउने, प्रतिफल मापन गर्ने र आर्थिक अनुशासन कायम गर्ने सार्वजनिक खर्च व्यवस्थापनको उपयूक्त औजार नै मध्यमकालीन खर्च संरचना हो ।

कुशल वित्त व्यवस्थापनले आम्दानीका स्रोतहरुको उच्चतम उपयोग, प्रभावकारी वितरण र खर्च गर्ने सामर्थ्य वृद्धि गर्नुका साथै वित्तीय जोखिमको पूर्वानुमान र न्युनिकरणमा सघाउ पुर्याउदछ । बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र बस्तुनिष्ठ बनाउदै, दायित्वको पूर्वानुमान र आवश्यक स्रोतहरुको सुनिश्चितता एवं खोजीमा तत्परता प्रदान गर्दछ । सामान्यतया कुशल वित्त व्यवथापनको प्रयोगबाट गत वर्ष र चालू वर्षलाई आधार बर्ष मानी, आम्दानी र खर्चलाई अनुमानयोग्य बनाउदै चक्रिय रुपमा आगामि आर्थिक वर्षको वार्षिक बजेट र त्यसपछिका दुईवर्षको बजेटको प्रक्षेपणनै मध्यमकालीन खर्च संरचना हो ।

नेपालमा आ.व. २०५९/६० देखि अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुपूर्व आगामि तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रुपमा लिनुपर्ने व्यवस्था अनिवार्य गरेको छ ।

## १.२ अवधारणा तथा उद्देश्य

### १.२.१ अवधारणा

सार्वजनिक वित्त ब्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी समष्टिगत वित्तीय खाका निर्धारण गरिन्छ । स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिन्छ । संघ तथा प्रदेशबाट स्थानीय तहलाई विभिन्न शीर्षकमा प्राप्त हुने स्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन तथा क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको बजेट खाका तयार गरिन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका तयार गरिन्छ । मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ । यसरी मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

### १.२.२ उद्देश्य

खजुरा गाउँपालिकाको मध्यमकालिन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

(१) खजुरा गाउँपालिकाको आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(२) आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(३) खजुरा गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

४) बजेट अनुमानलाई वास्तविक र यथार्थपरक बनाई सार्वजनिक खर्चलाई अझ प्रभावकारी र कुशलताकासाथ लक्षित प्रतिफल सुनिश्चित गर्नु

५) खजुरा गाउँपालिकाको आवधिक योजना अनुरुप मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र मध्यमकालीन खर्च संरचना अनुरुप बार्षिक विकास कार्यक्रम तर्जुमा गरी आवधिक योजनाका लक्ष्य र उद्देश्य हासिल गर्न।

## १.३ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि खजुरागाउँपालिकामा देहाय बमोजिमको संस्थागत व्यवस्था गरियो ।

### १.३.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको गठित समितिले गर्नेछ । यस मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने,

(ख) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ग) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने

### १.३.२ मध्यमकालीन खर्च संरचना कार्यदल

खजुरागाउँपालिकामा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहाय बमोजिमको एक कार्यदल रहनेछ र सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आँकलन, परिमार्जनका साथै शाखा अन्तर्गतका मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्नुका साथै शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गरेको छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत-संयोजक

(ख) विषयगत शाखा प्रमुखहरू - सदस्य

(ग) योजना शाखा प्रमुख -सदस्य सचिव

विषयगत रूपमा एकीकृत बजेट तयारीका लागि कार्यदलले देहायबमोजिमका कार्यहरू सम्पन्न गरेको छ :

(क) विषयगत समितिहरूसँग आवश्यक समन्वय,

(ख) मध्यमकालीन खर्च संरचनासम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने,

(ग) मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने,

(घ) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आँकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,

(ङ) मध्यमकालीन खर्च संरचनासम्बन्धी अन्य कार्यहरू

### १.३.३ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शनभित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत समितिहरुवाट विषयगत रूपमा छलफल, विश्लेषण र पुनःप्राथमिकता निर्धारण गरी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यका लागि बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरियो । यस मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिहरूले देहाय बमोजिमका कार्यहरू गरियो ।

(क) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण ।

(ख) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने ।

(ग) कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथिमकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

### १.४.१ कार्यतालिका तथा जिम्मेवारी निर्धारण

खजुरा गाउँपालिकाको मध्यमकालीन खर्च संरचनालाई बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियासँगै आवद्ध गरी चरणबद्ध रूपमा तर्जुमा गर्ने व्यवस्था गरिएको थियो । बार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिका अनुसार गरिएको छ ।

| क्रियाकलाप | समयसिमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत शाखा प्रमुखहरुलाई अभिमुखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवम् आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आँकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |

| क्रियाकलाप | समयसिमा | जिम्मेवारी |
|---|---|---|
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ १५ गतेभित्र | विषयगत शाखा र वडा कार्यालय |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल /विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेटमा प्रविष्टि | असार मसान्त भित्र | आर्थिक विकास/योजना शाखा |

### १.४.२ मध्यमकालीन खर्च सरंचना तर्जुमा प्रक्रिया

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य खजुरा गाउँपालिकाका लागि नवीन अभ्यास हो । यसका लागि सर्वप्रथम संरचना आवश्यकता, महत्व र प्रक्रियागत चरणहरूका बारेमा सम्बद्ध सरोकारवालाहरू स्पष्ट हुन आवश्यक भएकोले सोको लागि कार्यपालिकाका सदस्य समेत शाखाका प्रमुखहरूलाई एमपिएस मेनेजमेन्ट एण्ड रिसर्च कन्सल्टेन्सी प्रा.लि.को प्राविधिक सहयोगमा अभिमुखीकरण कार्य गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सम्बन्धमा निम्न अनुसारका प्रक्रियागत चरणहरू अवलम्वन गरियो ।

### क. चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा

आर्थिक वर्षको पुस मसान्तभित्र आवधिक योजनाका लक्ष्य, उद्देश्य र प्राथमिकता तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अवस्था समेतलाई विश्लेषण गरी समीक्षा प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था अनुसार कार्यपालिका, विषयगत शाखा, वडा कार्यालयसँग छलफल गरी योजना शाखाले तयार गरेको छ । समीक्षा प्रतिवेदन तथा विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति विश्लेषण गरी खजुरा गाउँपालिकाको आर्थिक खाका तयार गरेको छ ।

खजुरा गाउँपालिकाको आर्थिक खाकामा स्थानीय उत्पादन, रोजगारी, आय र लगानी खाका समावेश गरएको छ । खजुरा गाउँपालिकाको आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ ।

**खजुरा गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा**

| क्र.सं. | सुचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि |
|---|---|---|---|---|
| १. | बार्षिक उत्पादन | रु. लाखमा | ३९०० | ३९५० |
| २. | औषत प्रति व्यक्ती आय | रु. लाखमा | ११३३ | ११३३ |
| ३. | उद्योग, व्यापार र व्यावसाय | संख्या | २५०० | २५०० |
| ४. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | ९७८ | १००० |
| ५. | २ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ५.४ | ५.३ |
| ६. | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७५.३ | ७५.५ |
| ७. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | २० | २० |
| ८. | स्थानीय सडक (कालोपत्रे) | कि.मि. | १६ | १६ |
| ९. | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | २१३ | २१३ |
| १०. | स्थानीय सडक (धुले) | कि.मि. | १५० | १५० |
| ११. | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | ९० | ९० |
| १२. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९० | ९०.५ |
| १३. | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ५५ | ५५.५ |
| १४. | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ३५ | ३६ |

| क्र.सं. | सुचक | एकाइ | गत आ.व. २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि |
|---|---|---|---|---|
| १५. | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ६८ | ७० |
| १६. | विपद्का घटनाबाट प्रभावित परिवार | प्रतिहजार | ३ | ३ |
| १७. | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | ० | ० |
| १८. | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | १८ | १८ |
| १९. | पर्यटक आगमन | संख्या | २००० | २००० |

### ख. त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले खजुरा गाउँपालिकाको राजस्व सुधार योजना तथा विगत वर्षहरूको वास्तविक आन्तरिक आयको प्रवृत्ति विश्लेषणको आधारमा आन्तरिक आयको प्रक्षेपण आधारमा आन्तरिक आयको प्रक्षेपण गरिएको छ । त्यसैगरी सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको हकमा आगामी आर्थिक वर्षको निमित्त प्राप्त बजेट सीमाको आधारमा प्रक्षेपण गरिएको छ । नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रकमको प्रक्षेपण गर्दा विगत वर्षहरूमा प्राप्त भएको रोयल्टी रकमलाई आधार मानिएको छ । ऋण सहायता, जनसहभागिता तथा अन्तर स्थानीय तह साझेदारी वापत परिचालन हुनसक्ने स्रोतको हकमा क्रमशः ऋण सम्झौता, विगत वर्षको जनसहभागिताको रकमको प्रवृत्ति र गाउँपालिकाको जनसहभागिता परिचालन नीति एवम् अन्य स्थानीय तहसँग भएको समझदारीका आधारमा प्रक्षेपण गरिएको छ । खजुरा गाउँपालिकाको आवधिक योजना कार्यान्वयन हुने गरी गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचना एवम् विषय क्षेत्र/उपक्षेत्रगत खर्चको आवश्यकताको आधारमा खर्चको आवश्यकताको आँकलन तथा प्रक्षेपण गरिएको छ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आन्तरिक तथा बाह्य वित्तीय साधनको सम्भावना, राजस्व तथा व्ययको प्रक्षेपण र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको बजेटको आकार तथा थप दुई आर्थिक वर्षको खर्च तथा स्रोतको आकार निर्धारण गरेको छ ।

## ग. बजेट सीमा निर्धारण तथा बाँडफाँट

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको प्रक्षेपणको आधारमा बजेट सीमा निर्धारण गरिएको छ । बजेट सीमा निर्धारण तथा स्रोतको बाँडफाँट गर्दा आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजनाको प्राथमिकता, लक्ष्य तथा उपलब्धिलाई आधार बनाइएको छ । यसैगरी क्रमागत कार्यक्रम तथा आयोजनाहरु, स्थानीय गौरवका आयोजनाहरु तयार गरि उपक्षेत्रगत रूपमा स्रोतको बाँडफाँट गएिको छ ।

## घ. बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको अनुमान र प्रक्षेपण, विषय क्षेत्र/उपक्षेत्रगत बजेट सीमा र मार्गदर्शन उपर कार्यपालिकाले छलफल गरी स्वीकृत गरेको छ । यसरी स्वीकृत भएको खर्च अनुमानमा चालु, पुँजीगत र वित्तीय व्यवस्था सम्बन्धी विवरण समावेश गरिएको छ । बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयार गर्दा चालु आवधिक योजना मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको लक्ष्य र उपलब्धीको आधारमा आगामी बर्षको बजेट तर्जुमा गर्दा ध्यान पु¥याउनु पर्ने विषयहरु समेत समावेश गरिएको छ।

स्वीकृत बजेट सीमा र मार्गदर्शनलाई समयसीमा तोकि प्रमुख प्रशासकीय अधिकृतले अनुसुची ३ बमोजिमको ढाँचामा सम्बन्धित शाखा र वडा कार्यालयमा पठाइएको थियो ।

# परिच्छेद -२ मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको थियो । स्थानीय तहको सामाजिक आर्थिक लगायत समग्र विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिन सकिन्छ । स्थानीय तहको हकमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद छ (सार्वजनिक खर्च व्यवस्था), दफा १७ अनुसार तयार गर्नु पर्दछ । स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्दछ । यसैलाई आधार मानी यस मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

नेपालको संविधान कार्यान्वयनका क्रममा तीनै तहमा सम्पन्न भएका निर्वाचनहरु पश्चात संघ, प्रदेश र स्थानीय तहका सरकारहरु गठन भई क्रियाशील भएका छन् । संविधानले परिकल्पना गरे बमोजिमको अर्थ व्यवस्था कायम गर्ने सोचलाई मनन् गर्दै खजुरा गाउँपालिकाको आवधिक योजनासँग सामन्जस्य हुनेगरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०८०/८१,२०८२/८३) तर्जुमा गरिएको छ । यस दस्तावेज तयार गर्दा आवधिक योजना (२०८०/८१,२०८४/८५) मा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवम् नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधार लिइएको छ । साथै, खजुरा गाउँकार्यपालिका बाट आगामी आर्थिक वर्षको स्रोतको आँकलन तथा विकास कार्यक्रमको बाँडफाँटका आधार बमोजिम साविकमा प्रदेश सरकार तथा केन्द्रीय सरकारबाट प्राप्त हुने कार्यक्रमहरु तथा बजेटलाई समेत यस दस्तावेजमा समेटिएको छ ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

दीर्घकालीन सोच सहितको आवधिक योजनामा उल्लेखित सोच, लक्ष्य, उद्देश्य तथा रणनीति र कार्यनीतिहरु प्रस्तुत मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ ।

**सोच**

**"हामी आफै बनाऊ हाम्रो खजुरा, आत्मनिर्भर र सम्बृद्ध खजुरा"**

## उदेश्य

### समष्टिगत उदेश्य :

**दीर्घकालिन लक्ष्य**

**गाउँपालिकालाई आत्मनिर्भर बनाउदै समृद्धिको यात्रा तय गर्नु** नै यस आवधिक योजनाको मूख्य लक्ष्य हो ।

- व्यबसायिक कृषि, पर्यटन, उर्जा, पशु, घरेलु उद्योग, सहकारी र पर्यटनको विकास गरी गाउँपालिकावासीको रोजगारी र आयआर्जनमा बृद्धि गरी उनीहरुको आयआर्जन बृद्धि गर्ने ।
- महिला बालवालिका, दलित, जनजाती, अपाङ्गता भएका व्यक्तिहरु तथा युवाहरुको जीवनस्तरमा सुधार ल्याउन प्रभावकारी स्वास्थ्य तथा गुणस्तरिय शिक्षा प्रदान गरी समानुपातिक तथा समावेशीको आधारमा गाउँपालिकाको समष्टिगत विकास गर्ने ।
- गाउँपालिकाभरी भौतिक पूर्वाधारको विकास गरी गाउँवासीहरुको आर्थिक तथा सामाजिक स्थितिमा पहुच पुर्याउने ।
- वन क्षेत्रको उचित व्यवस्थापनद्वारा वन पैदावरमा आधारीत श्रोतहरुको अधिकतम परिचालन गरी वातावरणीय पक्षमा सुधार ल्याई गाउँवासीको सामाजिक, आर्थिक स्थितिमा सुधार ल्याउने।
- स्थानीय सरकार, गैर सरकारी, सामाजिक संस्थाहरुको संस्थागत विकास गरी निजी क्षेत्रसँग समन्वय र साझेदारी गर्दै संस्थागत विकास गरी मानव अधिकारको स्थितिमा सुधार ल्याउने।

**रणनीति**

नेपालले अंगीकार गरेको दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाको लक्ष्य र प्रदेशको लक्ष्य संग तादत्म्यता हुने गरी निर्धारण गरिएको लक्ष्य हासील गर्न आवधिक योजनाले रणनीति निर्धारण गरेको छ । यसका लागि सरकारी क्षेत्र लगायत निजी, सहकारी र सामुदायिक क्षेत्रलाई एक अर्काको परिपूरकका रुपमा परिचालन गर्ने रणनीति अवलम्वन गरिएको छ ।

**समस्टिगत रणनीतिहरु :**

- कृषिलाई गाउँ विकासको अग्रणी क्षेत्र र प्रमुख साधनको रुपमा अवलम्बन गर्ने।
- परम्परागत कृषि प्रणालीलाई व्यवसायिक प्रणाली रुपान्तरण गरी कृषिको व्यवसायीकरण र विविधिकरणको माध्यमबाट कृषिमा आधुनिकिकरण गर्ने ।

- गाउँपालिका भित्र तथा वाहिर रहेको मानवीय तथा वित्तीय पूंजी आकर्षित गरी व्यवसाय व्यापार तथा सेवा क्षेत्रको विकास तथा विस्तारद्धारा युवाशक्तिलाई गाउँपालिकाको विकास अभियानमा संलग्न गराउने।
- सन्तुलीत एवं समावेशी विकास, रोजगारी सिर्जना, सामाजिक सद्भाव र गरिबी न्यूनिकरण र दिगो शान्तिमा योगदान पुग्ने कार्यक्रममा जोडदिने ।
- सामाजिक सद्रभाव कायम राखी दीगो शान्ति हासिल गर्न समन्यायिक तथा लैंगिक समता एवं सामाजिक समावेशीकरणमा विषेष प्राथमिकता दिई स्थानीय स्वामित्व सहित विकास कार्यमा जोड दिने ।
- लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरणको लागी सामाजिक परिचालन कार्यक्रमको सुदृणीकरण गर्ने ।
- विकास तथा सेवा प्रवाहलाई सर्वसुलभ, सहज, नतिजामूलक, पारदर्शी र प्रभावकारी बनाउन विशेष गरी लक्षित वर्ग र समुदायको संलग्नता वढाउन नागरिक संस्थाहरुको क्षमता विकासका कार्यहरुमा वृद्धि गर्ने।
- वन, जलाधार तथा संरक्षित क्षेत्रको एकीकृत व्यवस्थापन मार्फत दिगो रुपमा संरक्षण गर्ने ।
- जलवायु परिवर्तन, विपद जोखिम व्यवस्थापन, पर्यावरण तथा बालमैत्री स्थानीय शासन प्रणलीलाई विकास आयेजना तथा कार्यक्रमहरुमा साझा सवालको रुपमा सम्बोधन गर्ने ।
- भु-उपयोग योजना, एकिकृत व्यवस्थित वस्ती तथा शहरी विकास, जलाधार र जलस्रोत संरक्षण क्षेत्रको योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- नतिजामूखी अनुगमन प्रणाली अवलम्वन गर्ने
- प्रभावकारी सेवा प्रवाहकालागी सूचना प्रविधिमा आधारित क्षमता विकास कार्यक्रमलाई बढावा दिई संचालन गर्ने ।
- स्थानीय शासनलाई जनुखी, उत्तरदायी र पारदर्शी बनाउन, अध्ययन तथा सर्वेक्षण, नागरिक संलग्नता, पालना, सार्वजनिक संवाद, नतिजा मापन तथा प्राप्त नतिजाहरुको प्रसारण र प्रकाशन गर्ने ।
- योजनाको नियमित प्रगति समीक्ष, सामाजिक परिक्षण, मध्यावधि तथा अन्तिम मूल्यांकन गरी नतिजाहरु सार्वजनिक गर्ने ।
- जनस्वास्थलाई अभिवृद्धि गर्न प्रचारात्मन कार्य तथा स्वास्थ्य पूर्वाधारको विकासमा ध्यान दिने।
- विश्वासका अवसरहरुमा स्थानीय उत्पादन र जनशक्तिलाई सहुलियत र प्रोत्साहन गर्ने ।

- दिगो विकास लक्ष्य लाई मुल आधार बनाई गाउँपालिका स्तरमा दिगो लक्ष्य हासिल गर्ने ।

## २.३ मध्यमकालीन आर्थिक खाका

खजुरा गाउँपालिकाको आवधिक योजनाले अवलम्बन गरिएको सोच, लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम, योजना, प्रक्षेपीत राजस्वका आधारमा कार्यान्वयन गरी कार्यक्रम तथा आयोजना सम्पन्न भएका हुनेछन् । यसबाट कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि भई तीब्र आर्थिक बृद्धि हुने अनुमान गरिएको छ । आर्थिक बृद्धिको लक्ष्य हासिल गर्न लगानीमा वृद्धि हुनुको साथै स्थानीय श्रमशक्तिको उत्पादनमा उपयोग र स्थानीय प्राकृतिक श्रोतको दिगो परिचालन गर्दै स्थानीय अर्थतन्त्रमा गतिशीलता आउनुका साथै निजी, सहकारी र सामुदायीक क्षेत्रको परिपूरकात्मक सहकार्य मजबुत एवम् सुदृढ भई गाउँपालिकामा पूँजी निर्माण हुनेछ भन्ने आधार तथा गाउँपालिका भित्रको आर्थिक कृयाकलापको आधारमा आर्थिक लक्ष्य निर्धारण गरिएको तथा गाउँपालिका अन्तर्गतका सम्बन्धित कार्यालयबाट प्राप्त तथ्यांकको आधारमा समष्टिगत आर्थिक लक्ष्य र खाका तयार पारिएको छ ।

**मध्यमकालीन आर्थिक खाका**

| क्र.सं. | सुचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | बार्षिक उत्पादन | रू. लाखमा | ३९०० | ३९५० | ४०५० | ४२०० | ४३५० |
| २. | कृषि | रू. लाखमा | ३३०० | ३३३० | ३४०० | ३५०० | ३६०० |
| ३. | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | ६०० | ६२० | ६५० | ७०० | ७५० |
| ४. | औषत पारिवारिक आय | रू. लाखमा | ३.५ | ४ | ४.५ | ५ | ६ |
| ५. | उद्योग, व्यापार र व्यावसाय | संख्या | २५०० | २५०० | २६०० | २७०० | २८०० |
| ६. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | संख्या | ९७८ | १००० | १२०० | १५०० | २००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८० | ८० | ८२ | ८४ | ८६ |

**विषय क्षेत्रगत खर्च खाका रकम रु. लाखमा**

| क्र.सं | उपक्षेत्र, कार्यक्रम, आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. लाखमा) | खर्च प्रतिशत | पुष्ट्याई | आगामी तीन बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| १. | आर्थिक विकास | आवधिक योजनाको प्रतिवेदनमा उल्लेख भए अनुसारको | आ.व. २०८०/८१ देखि आ.व. २०८२/०८३ सम्म | ९३४५ | | गाउँपालिका, सम्वन्धित शाखाका प्रतिवेदनहरु | मध्यमकालिन उपलब्ध सूचकहरु आवधिक योजनाको प्रतिवेदनमा उल्लेख भए बमोजिम । |
| २. | सामाजिक विकास | | | ८०१० | | | |
| ३. | पूर्वाधार विकास | | | ५६०६ | | | |
| ४. | वन, वातावरण,विपद व्यवस्थापन तथा अन्तर सम्बन्धित | | | २४०२ | | | |
| ५. | सुशासन तथा संस्थागत विकास | | | १३३४ | | | |

## २.४ मध्यमकालीन नतिजा खाका

समृद्ध नेपाल सुखी नेपालीको मुल राष्ट्रिय लक्ष्य पछयाउन गाउँपालिकाले संघ र प्रदेश सरकारका राष्ट्रिय एंम प्रादेशिक लक्ष्यहरुलाई पछयाउदै लैजानुपर्ने आवश्यकता हुन्छ । गाउँपालिकाले आवधिक योजनामा उल्लेखित स्थानीय लक्ष्य बमोजिम प्रमुख परिमाणत्मक लक्ष्यका आधारमा आगामी तीन वर्षको समष्टिगत गन्तव्य र सूचक निर्धारण गरिएको छ । उल्लेखित सूचकहरुको विद्यमान स्थिति तथा आगामी तीन वर्षको अपेक्षित उपलब्धि तालिकामा प्रस्तुत गरिएको छ ।

## मध्यमकालीन नतिजा खाका

| सुचक | एकाइ | गत आ.व. को उपलब्धि | मध्यकालिन लक्ष्य परिमाण | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| निरपेक्ष गरिवी | प्रतिशत | २० | १९ | १८ | १७ |
| प्रतिव्यक्ति वार्षिक आय | रू. | ११३३ | १२०० | १३०० | १४०० |
| आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने जनसंख्या | प्रतिशत | ८० | ८२ | ८४ | ८६ |
| वेरोजगारी दर | प्रतिशत | २० | १८ | १६ | १५ |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | २० | २२ | २४ | २५ |
| आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को खूद भर्नादर | प्रतिशत | ९७ | ९७.५ | ९८ | ९९ |
| साक्षरता दर | प्रतिशत | ७५.३ | ७७ | ८० | ८४ |
| औषत आयु | वर्ष | ६८.३५ | ६९ | ७० | ७० |
| ५ वर्ष मुनीको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | संख्या | २२ | २१ | २० | १९ |
| खानेपानी सेवावाट लाभान्वित जनसंख्या (धारा जोडिएको) | प्रतिशत | ३५ | ३६ | ४० | ४५ |
| विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९५ | ९७ | ९९ | १०० |
| दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ६० | ७० | ७५ | ८० |
| वर्षभरी नियमित सिंचाई भएको खेतीयोग्य भूमि | प्रतिशत | २८ | ३० | ३२ | ३५ |
| इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ६० | ७० | ८० | ८५ |

| सुचक | एकाइ | गत आ.व. को उपलब्धि | मध्यकालिन लक्ष्य परिमाण | | |
|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | १.७ | १.७ | १.८ | १.९ |
| पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ६० | ६५ | ७० | ७५ |
| कम्प्युटरमा अभिलेख राख्ने र विधुतीय माध्यम वाट रिपोर्ट गर्ने वडाहरु | संख्या | ८ | ८ | ८ | ८ |

## २.५ मध्यमकालीन बजेट खाका

स्थानीय सरकार संचालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ का आधारमा राजस्वका स्रोतहरुको परिचालन गर्ने अधिकार स्थानीय तहमा हस्तान्तरण भइसकेको अवस्था छ । साथै केही राजस्व संघले संकलन गरेतापनि प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको स्रोत आँकलन तथा बजेट अनुमान एवं प्रक्षेपण गर्दा देहायका आधारहरु अबलम्बन गरिएको छ :

१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहले राजस्व संकलन गर्ने अधिकार क्षेत्रमा रही राजस्व अनुमान एकिन गरिएको छ ।

२. प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाडबाट खजुरागाउँपालिकाले प्राप्त गर्ने बजेट अनुमान एकिन गरिएको छ

३. संघ सरकारबाट प्राप्त हुने राजस्व बाँडफाडबाट खजुरागाउँपालिकाले प्राप्त गर्ने बजेट अनुमान एकिन गरिएको छ ।

**मध्यमकालीन बजेट खाका रु. हजारमा**

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | अनुमान तथा प्रक्षेपण | | | ३ वर्षको प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८१/८२ को अनुमान | आ.व. २०८२/८३ को अनुमान | |
| **आय** | **७५९,५४९,७५२** | **८९३,२५७,१५९** | **८३१,८६४,६५८** | **८८४,२७७,७२४** | **९५४,५१०,४९६** | **२,६७०,६५२,८७८** |
| राजस्व | १७२,०१३,८८६ | २८७,८४७,१५९ | २६४,६६९,६५८ | २६०,३६३,२२४ | २६८,२०४,५४६ | **७९३,२३७,४२८** |
| आन्तरिक श्रोत | ३५,६१९,४०५ | १३९,१५३,१५९ | १२०,२३६,००० | १०१,४८६,२०० | ९३,४३९,८२० | **३१५,१६२,०२०** |
| ११९३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ५४२,५७६ | ११,५०,००० | १,२६५,००० | १,३९१,५०० | १५,३०,६५० | **४,१८७,१५०** |
| ११३१३ एकीकृत सम्पती कर | ४,२२५,२५० | ४,८००,००० | ५,२८०,००० | ५,८०८,००० | ६,३८८,८०० | **१७,४७६,८००** |
| ११३१४ भुमिकर/मालपोत | - | ०.०० | - | - | - | - |
| ११३२१ घरवहाल कर | ८७३,३५६ | १,४००,००० | १,५४०,००० | १,६९४,००० | १,८६३,४०० | **५,०९७,४००** |
| ११३२२ वहाल विटौरी कर | १९५,१३२ | ५४०,००० | ५९४,००० | | - | **५९४,०००** |
| ११४५१ सवारी साधन कर (साना सवारी) | - | ४००,००० | ४४०,००० | ४८४,००० | ५३२,४०० | **१,४५६,४००** |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | - | १०,००० | ११,००० | १२,१०० | १३,३१० | **३६,४१०** |
| ११६९१ अन्य कर | ८५७,४५५ | ४००,००० | ४४०,००० | ४८४,००० | ५३२,४०० | **१,४५६,४००** |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | - | १०,००० | ११,००० | १२,१०० | १३,३१० | **३६,४१०** |
| १४१९१ पर्यटन शुल्क | - | १०,००० | ११,००० | १२,१०० | १३,३१० | **३६,४१०** |

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | अनुमान तथा प्रक्षेपण | | | ३ वर्षको प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८१/८२ को अनुमान | आ.व. २०८२/८३ को अनुमान | |
| १४२२१ न्यायिक दस्तूर | - | १०,००० | ११,००० | १२,१०० | १३,३१० | ३६,४१० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ४४,००० | - | - | - | - | - |
| १४२२४ परीक्षा शुल्क | - | ५०,००० | ५५,००० | ६०,५०० | ६६,५५० | १८२,०५० |
| १४२४२ नक्सापास दस्तुर | १,१४६,२८४ | १,९३०,००० | २,१२३,००० | २,३३५,३०० | २,५६८,८३० | ७,०२७,१३० |
| १४२४३ सिफारिश दस्तुर | ४,९८३,८३८ | २,१२०,००० | २,३३२,००० | २,५६५,२०० | २,८२१,७२० | ७,७१८,९२० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४४२,४५१ | २००,००० | २२०,००० | २४२,००० | २६६,२०० | ७२८,२०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | - | १,००,००० | १,१०,००० | १,२१,००० | १,३३,१०० | ३,६४,१०० |
| १४२४९ अन्य दस्तुर | १०,५८,८९७ | १५,००,००० | १६,५०,००० | १८,१५,००० | १९,९६,५०० | ५४,६१,५०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,३०,०८८ | १०,१०,००० | ११,११,००० | १२,२२,१०० | १३,४४,३१० | ३६,७७,४१० |
| १४२६५ अन्य क्षेत्रको आय | ७६,२१० | १,००,००० | १,१०,००० | १,२१,००० | १,३३,१०० | ३,६४,१०० |
| १४३१३ धरौटी सदरस्याहा | १५,२९,११३ | १०,००,००० | ५,००,००० | ५,००,००० | ४,००,००० | १४,००,००० |
| ३२१२२ बैंक मौज्दात | १,६३,०४,७१० | १२,०१,५३,१५९ | १०,००,००,००० | ८,००,००,००० | ७,००,००,००० | २५,००,००,००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १३,६३,९४,४८१ | १४,८६,९४,००० | १४,४४,३३,६५८ | १५,८८,७७,०२४ | १७,४७,६४,७२६ | ४७,८०,७५,४०८ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | २,०२,५४,३३६ | १,९४,००,००० | १,९४,००,००० | २,१३,४०,००० | २,३४,७४,००० | ६,४२,१४,००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,४०,५५,००५ | ११,९५,०५,००० | ११,७०,९९,००० | १२,८८,०८,९०० | १४,१६,८९,७९० | ३८,७५,९७,६९० |

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | अनुमान तथा प्रक्षेपण | | | ३ वर्षको प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८१/८२ को अनुमान | आ.व. २०८२/८३ को अनुमान | |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २,३४,६९,०९१ | - | - | - | - | - |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८१,२५,९३५ | ९७,८९,००० | ६२,३४,६५८ | ६८,५८,१२४ | ७५,४३,९३६ | **२०६,३६,७१८** |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ४,९०,११४ | ०.०० | १७,००,००० | १८,७०,००० | २०,५७,००० | **५६,२७,०००** |
| अन्य आय | ३०,०९,९८६ | २२,६०,००० | २४,२२,००० | २५,९४,२०० | २८,०८,६२० | **७८,२४,८२०** |
| १४४११ चालु हस्तान्तरण | - | १०,००० | ११,००० | १२,१०० | १३,३१० | **३६,४१०** |
| १४४२१ पूँजीगत हस्तान्तरण | २२,९२,४९४ | १०,००० | ११,००० | १२,१०० | १३,३१० | **३६,४१०** |
| १४५२९ अन्य राजस्व | ५,२२,४९२ | २०,००,००० | २२,००,००० | २४,२०,००० | २६,६२,००० | ७२,८२,००० |
| १५१११ बेरूजू | १,९५,००० | २,४०,००० | २,००,००० | १,५०,००० | १,२०,००० | ४,७०,००० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **५८,७५,३५,८६६** | **६०,६४,१०,०००** | **५६,७१,९५,०००** | **६२,३९,१४,५००** | **६८,६३,०५,९५०** | **१,८७,७४,१५,४५०** |
| संघीय सरकार | ५२,९०,०६,८६६ | ५६,६९,६१,००० | ५२,२६,००,००० | ५७,४८,६०,००० | ६३,२३,४६,००० | १,७२,९८,०६,००० |
| १३३११ समानिकरण अनुदान | १५,९४,००,००० | १६,७९,००,००० | १४,६२,००,००० | १६,०८,२०,००० | १७,६९,०२,००० | **४८,३९,२२,०००** |
| १३३१२ शसर्त अनुदान चालु | ३१,३०,३२,००० | ३४,०३,६१,००० | ३५,०३,००,००० | ३८,५३,३०,००० | ४२,३८,६३,००० | **१,१५,९४,९३,०००** |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४,८९,५०,००० | ४,३७,००,००० | १,२६,००,००० | १,३८,६०,००० | १,५२,४६,००० | **४,१७,०६,०००** |
| १३३१५ विषेश अनुदान पुँजीगत | ५१,२५,५१५ | ८०,००,००० | ८५,००,००० | ९३,५०,००० | १,०२,८५,००० | **२,८१,३५,०००** |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २४,९९,३५१ | ७०,००,००० | ५०,००,००० | ५५,००,००० | ६०,५०,००० | **१,६५,५०,०००** |

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | अनुमान तथा प्रक्षेपण | | | ३ वर्षको प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८१/८२ को अनुमान | आ.व. २०८२/८३ को अनुमान | |
| प्रदेश सरकार | ५,८५,२९,००० | ३,८४,४९,००० | ४,४५,९५,००० | ४,९०,५४,५०० | ५,३९,५९,९५० | १४,७६,०९,४५० |
| १३३११ समानिकरण अनुदान | ७५,८५,००० | ९४,४९,००० | १,०९,४५,००० | १,२०,३९,५०० | १,३२,४३,४५० | **३,६२,२७,९५०** |
| १३३१२ शसर्त अनुदान चालु | ५,४४,००० | ८०,००,००० | १,५०,००० | १,६५,००० | १,८१,५०० | **४,९६,५००** |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,८०,००,००० | ०.०० | ८५,००,००० | ९३,५०,००० | १,०२,८५,००० | **२,८१,३५,०००** |
| १३३१४ विषेश अनुदान चालु | ७४,००,००० | ६०,००,००० | ०.०० | - | - | - |
| १३३१६ समपुरक अनुदान चालु | | ०.०० | १,००,००,००० | १,१०,००,००० | १,२१,००,००० | **३,३१,००,०००** |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,५०,००,००० | १,५०,००,००० | १,५०,००,००० | १,६५,००,००० | १,८१,५०,००० | **४,९६,५०,०००** |

## २.६ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामि तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न अधारमा गरिएको तुलनात्मक विवरण तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण रु. हजारमा

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १. | कृर्षि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरि आर्थिक वृद्धि | २९११५३ | ३५ | ३०९४९७ | ३५ | ३३४०७९ | ३५ |
| २. | भौतिक पूर्वाधार निर्माण तथा विस्तार | १९४६९२ | २१ | १८५६९८ | २१ | २००४४७ | २१ |
| ३. | गुणस्तरीय शिक्षा र स्वास्थ्य | २०७९६६ | २५ | २२१०६९ | २५ | २३८६२८ | २५ |

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | | आ.व. २०८२/८३ | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | विस्तार गरी मानविय पूँजी निर्माण | | | | | | |
| ४. | सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्धन | ४१५९३ | ५ | ४४२१४ | ५ | ४७७२६ | ५ |
| ५. | प्रभावकारी विपद् व्यवस्थापन र जलवायू परिवर्तन अनुकुलित विकास | ७४८६८ | ९ | ७९५८५ | ९ | ८५९०६ | ९ |
| ६. | विधिको शासन कायम गर्दै सुशासनको प्रत्याभुति | ४१५९३ | ५ | ४४२१४ | ५ | ४७७२६ | ५ |
| | **कुल जम्मा** | | १०० | | १०० | | १०० |

### २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**रकम रु हजारमा**

| प्राथमिकताक्रम | आयोजना संख्या | आ.व.२०८०/८१ को खर्च विनियोजन | | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | | आ.व.२०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो | २९ | ३२४४२७ | ३९ | ३१८३४० | ३६ | ३२४५३३ | ३४ |
| दोस्रो | २६ | ५०७४३८ | ६१ | ५६५९३८ | ६४ | ६२९९७७ | ६६ |
| **कुल जम्मा** | ५६ | | १०० | | १०० | | १०० |

### २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण रकम रु हजारमा

| सं.नं. | दिगो विकासका लक्ष्य | आयोजना कार्यक्रम संख्या | आ.व.२०८०/८१ को खर्च विनियोजन | | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | | आ.व.२०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |

| सं.नं. | दिगो विकासका लक्ष्य | आयोजना कार्यक्रम संख्या | आ.व.२०८०/८१ को खर्च विनियोजन | | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | | आ.व.२०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १. | हरेक क्षेत्रमा गरिबीको अन्त्य | ७ | ४९९१२ | ६ | ५३०५७ | ६ | ५७२७० | ६ |
| २. | भोकमरीको अन्त्य र खाद्य सुरक्षा | २ | ४१५९३ | ५ | ४४२१४ | ५ | ३८१८० | ४ |
| ३. | स्वस्थ र समृद्ध जीवनस्तर | ७ | ९१५०५ | ११ | ८८४२८ | १० | ९५४५१ | १० |
| ४. | न्यायोचित र गुणात्मक शिक्षा | ४ | १२४७८० | १५ | १३२६४२ | १५ | १३३६३१ | १४ |
| ५. | लैंगिक समानता | ६ | २४९५६ | ३ | २६५२८ | ३ | २८६३५ | ३ |
| ६. | खानेपानी र सरसफाई | २ | ४१५९३ | ५ | ४४२१४ | ५ | ४७७२६ | ५ |
| ७. | उर्जामा सवैको पहुँच | १ | ८३१८ | १ | ८८४२ | १ | ९५४५ | १ |
| ८. | दिगो आर्थिक वृद्धि र मर्यादित रोजगारी | ५ | ६६५४९ | ८ | ७०७४२ | ८ | ९५४५१ | १० |
| ९. | पूर्वाधारहरु निर्माण र औद्यौगीकरण प्रवर्धन | ४ | २०७९६६ | २५ | २२९९१२ | २६ | २३८६२८ | २५ |
| १०. | समाज भित्रको असमानता घटाउने | १ | ८३१८ | १ | ८८४२ | १ | ९५४५ | १ |
| ११. | समावेशी र सुरक्षित मानव बस्ती तथा शहर | ५ | ८३१८६ | १० | ८८४२८ | १० | ९५४५१ | १० |
| १२. | दिगो उपभोग र उत्पादन | २ | १६६३७ | २ | १७६८६ | २ | १९०९० | २ |

| सं.नं. | दिगो विकासका लक्ष्य | आयोजना कार्यक्रम संख्या | आ.व.२०८०/८१ को खर्च विनियोजन | | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | | आ.व.२०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १३. | जलवायु परिवर्तनको प्रभाव न्युनिकरण | ३ | १६६३७ | २ | १७६८६ | २ | १९०९० | २ |
| १४. | जलमुनिको जीवन र स्रोत | ० | | - | | - | | - |
| १५. | वनको दिगो व्यवस्थापन र जैविक विविधता | २ | ८३१८ | १ | ८८४२ | १ | ९५४५ | १ |
| १६. | समावेशी संस्थाहरुको स्थापना, शान्ति, न्याय | २ | १६६३७ | २ | १७६८६ | २ | २८६३५ | ३ |
| १७. | राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदारी जीवन्त तुल्याउने | २ | २४९५६ | ३ | २६५२८ | ३ | २८६३५ | ३ |
| | **कुल** | **५५** | | **१००** | | **१००** | | **१००** |

## २.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण रकम रु हजारमा

| सं.नं. | लैङ्गिक संकेत | आयोजना कार्यक्रम संख्या | आ.व.२०८०/८१ को खर्च विनियोजन | | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | | आ.व.२०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १. | प्रत्यक्ष लाभ | ६ | २४९५६ | ३ | २६५२८ | ३ | २८६३५ | ३ |
| २. | अप्रत्यक्ष लाभ | १९ | २४९५६० | ३० | २८२९६९ | ३२ | ३०५४४३ | ३२ |
| ३. | तटस्थ | ३० | ५५७३५० | ६७ | ५७४७८१ | ६५ | ६२०४३२ | ६५ |
| **कुल जम्मा** | | **५५** | | १०० | | १०० | | १०० |

### २.६.५ जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपणरकम रु हजारमा

| सं.नं. | लैंगिक संकेत | आयोजना कार्यक्रम संख्या | आ.व.२०८०/८१ को खर्च विनियोजन | | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | | आ.व.२०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | रकम प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १. | प्रत्यक्ष लाभ | ७ | ४९९१२ | ६ | ५३०५७ | ६ | ५७२७० | ६ |
| २. | अप्रत्यक्ष लाभ | १५ | ४४९२०७ | ५४ | ४९५१९६ | ५६ | ५७२७०६ | ६० |
| ३. | तटस्थ | ३३ | ३३२७४६ | ४० | ३३६०२६ | ३८ | ३२४५३३ | ३४ |
| **कुल जम्मा** | | ५५ | | १०० | | १०० | | १०० |

### २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

वाहिरी चक्रपथ निर्माण योजना छलफलको क्रममा रहेकोले बजेट विनियोजन नगरिएको ।पूर्वाधार विकासको बजेट वाट सम्भाव्यता अध्ययन गर्न सकिने ।

### २.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

**रकम रु हजारमा**

| **क्षेत्र/आयोजना** | **आ.व. ०८०/८१ को खर्च प्रक्षेपण** | **आ.व.२०८१/८२ को खर्च प्रक्षेपण** | **आ.व. ०८२/८३ को खर्च प्रक्षेपण** |
|---|---|---|---|
| **कुल अनुमानित रकम** | **८३१,८६५** | **८८४,२७८** | **९५४,५१०** |
| **आर्थिक विकास** | **२९१,१५३** | **३०९,४९७** | **३३४,०७९** |
| कृषि विकास | १४५,५७७ | १५४,७४९ | १६७,०४० |
| सिंचाई विकास | ७२,७८८ | ७७,३७४ | ८३,५२० |
| पशुपन्छी विकास | १४,५५८ | १५,४७५ | १६,७०४ |
| घरेलु तथा साना उद्योग | २०,३८१ | २१,६६५ | २३,३८६ |
| पर्यटन विकास | २३,२९२ | २४,७६० | २६,७२६ |
| बैंकिङ सेवा विस्तार तथा सहकारी विकास | ५,८२३ | ६,१९० | ६,६८२ |

| **क्षेत्र/आयोजना** | **आ.व. ०८०/८१ को खर्च प्रक्षेपण** | **आ.व.२०८१/८२ को खर्च प्रक्षेपण** | **आ.व. ०८२/८३ को खर्च प्रक्षेपण** |
|---|---|---|---|
| उद्यमशिलाता र रोजगारी प्रर्वद्धन | ८,७३५ | ९,२८५ | १०,०२२ |
| **सामाजिक विकास** | **२४९,५६०** | **२६५,२८३** | **२८६,३५३** |
| शिक्षा | ९९,८२४ | १०६,११३ | ११४,५४१ |
| स्वास्थ्य तथा पोषण | ७४,८६८ | ७९,५८५ | ८५,९०६ |
| महिला तथा बालबालिका | ४,९९१ | ५,३०६ | ५,७२७ |
| जेष्ठ नागरिक | ३,७४३ | ३,९७९ | ४,२९५ |
| दलित, उत्पीडित, बर्ग उत्थान | ३,७४३ | ३,९७९ | ४,२९५ |
| आदिवासी  जनजाती विकास | ३,७४३ | ३,९७९ | ४,२९५ |
| बाल अधिकार तथा बाल संरक्षण | २,४९६ | २,६५३ | २,८६४ |
| युवा तथा खेलकुद | १२,४७८ | १३,२६४ | १४,३१८ |
| अपांगता भएका व्यक्ति विकास कार्यक्रम | २,४९६ | २,६५३ | २,८६४ |
| खानेपानी तथा सरसफाई | ३७,४३४ | ३९,७९३ | ४२,९५३ |
| साँस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन | ३,७४३ | ३,९७९ | ४,२९५ |
| **भौतिक पूर्वाधार विकास** | **१७४,६९२** | **१८५,६९८** | **२००,४४७** |
| सडक तथा यातायात क्षेत्र | १०४,८१५ | १११,४१९ | १२०,२६८ |
| सञ्चार तथा सुचना प्रविधि पुर्वाधार | ८,७३५ | ९,२८५ | १०,०२२ |
| विद्युत तथा उर्जा | १७,४६९ | १८,५७० | २०,०४५ |
| भवन तथा वस्ति विकास | ४३,६७३ | ४६,४२५ | ५०,११२ |
| **वन, वातावरण संरक्षण एवम् विपद्  व्यवस्थापन** | **७४,८६८** | **७९,५८५** | **८५,९०६** |
| वन विकास तथा वातावरण संरक्षण | २२,४६० | २३,८७६ | २५,७७२ |
| विपद्  व्यवस्थापन | ५२,४०७ | ५५,७१० | ६०,१३४ |

| क्षेत्र/आयोजना | आ.व. ०८०/८१ को खर्च प्रक्षेपण | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | आ.व. ०८२/८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|
| **संस्थागत विकास तथा सुशासन** | **४१,५९३** | **४४,२१४** | **४७,७२६** |
| संस्थागत सुशासन तथा क्षमता विकास | ३३,२७५ | ३५,३७१ | ३८,१८० |
| सामुदायिक साझेदारी तथा गैरसरकारी संस्थाहरु | ८,३१९ | ८,८४३ | ९,५४५ |

# परिच्छेद-३ आर्थिक क्षेत्र

खजुरा गाउँपालिकाको आवधिक योजनाले तय गरेको आर्थिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**आर्थिक विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान  रकम रु. हजारमा**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/८१ | २९१,१५३ | १७४६९२ | ११६४६१ | 0 | ४३६७३ | २३२९२२ | १४५५८ | |
| आर्थिक बर्ष २०८१/८२ | ३०९,४९७ | १८५६९८ | १२३७९९ | 0 | ४६४२४ | २४७५९८ | १५४७५ | |
| आर्थिक बर्ष २०८२/८३ | ३३४,०७९ | २००४४७ | १३३६३२ | 0 | ५०११२ | २६७२६३ | १६७०४ | |

## ३.१ कृषि तथा पशुपन्छी

### ३.१.१ पृष्टभूमि

जनसंख्याको अधिकाश संख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेको एवं कृषि क्षेत्रमा साना र मझौला किसानहरुको बढी संलग्नता रहेको छ । यस गाउँपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो । मुलतः कृषि प्रणलाी निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरुको उत्पादकत्व निकै कम रहदा यस क्षेत्रवाट श्रमशक्तिको पलायन बढ्दो छ । सिंचाइ सुविधाको अभावमा कृषि क्षेत्रमा उपलब्धि गुमिरहेको छ । कृषि क्षेत्रको प्रमुख वाली अन्तर्गत खाद्यान्न, फलफुल, तरकारी, माछ्यामासु आदी पर्दछन् । आर्थिक कृयाकलापमा बृद्धि ल्याउन कृषि क्षेत्रलाई व्यवसायीकरण, विविधिकरण गर्न आवश्यक छ । दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय जनताको आयमा बृद्धि हुने गरी गाउँपालिकाको स्रोत साधन परिचालन गरिनेछ । यसबाट रोजगारीमा बृद्धि भई स्थानीय जनताको आय आर्जनमा बृद्धि हुनेछ । उक्त सन्दर्भमा प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछ्यामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधार गरी लगानीको वातावरण निर्माण गरिनेछ ।

### ३.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकाको कृषि विकासमा सिंचाइ सुविधाको अभाव, स्रोत साधन र सामाग्रीको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरु जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, संकलन केन्द्र आदी कृषि विकासको मुल समस्याको रुपमा लिइएको छ । वास्तविक कृषकको पहिचान गरी पशुपालन व्यवसायमा संलग्न गर्न नसकिएको तथा उत्पादित कृषि उपजको बजारीकरण एवं उचित मूल्यमा विक्रि वितरण समेत नभएको।

### ३.१.३ लक्ष्य

दिगो र व्यावसायिक विकासद्धारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आय आर्जन उन्मुख वनाउने ।

### ३.१.४ रणनीति

- कृषि उत्पादन र उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
- तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनबाट आधारभुत आय हासिल गर्ने ।
- कृषि क्षेत्रको अतिरित्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कम गर्ने ।
- जलवायु परिवर्तन र प्रकोपवाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- कृषि तथा पशुसेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने ।
- सिंचाइका उपयुक्त प्रविधि समेतको उपयोग गरी सिंचित क्षेत्र विस्तार गर्ने ।

### ३.१.५ परिमाणात्मक स्थिति

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर हुने ।

### ३.१.६ अपेक्षित उपलब्धि

कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी स्थानीय अर्थतन्त्रमा टेवा पुग्नेछ ।

## ३.२ सिँचाइ

### ३.२.१ पृष्ठभूमि

यस खजुरा गाउँपालिका भएर बहने विभिन्न खोलाहरु र जमिनमुनी रहेको जलस्रोत बाट गाउँपालिकाको खेती योग्य भुमीमा सिँचाइ सुविधा पूर्याइ रोजगारी र आर्थिक विकासका नया क्षेत्रहरुको ढोका खुलन सक्ने देखिन्छ ।

यसबाट गाउँपालिकाको खाद्यन्न उत्पादनमा बृद्धि भइ खाद्य सुरक्षको अवस्थामा सुधार गर्न र निर्यातमा योगदान पुग्ने देखिन्छ ।

### ३.२.२ समस्या तथा चुनौती

वर्षैभरि भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउन नसक्नु, प्राकृतिक मुल तथा मुहानहरु सुक्दैजानु, नदीजन्य निर्माण सामाग्रीको अत्यधिक दोहन हुनाले नदीको बेड लेभल घट्दै जानु आदी यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ३.२.३ लक्ष्यः

कृषि योग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउने ।

### ३.२.४ रणनीति

- कृषि विकास रणनीति अनुसार गुरुयोजना बनाई सिँचाई योजनाहरुको विकास एवम् विस्तार गर्ने।
- छिमेकी स्थानीय तह, संघ र प्रदेश संग समन्वय गरी बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुने आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।

### ३.२.४ परिणात्मक स्थिति

कृषि योग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनसक्ने।

### ३.२.५. अपेक्षित उपलब्धि

सिँचाई सेवाको विकास र विस्तार भई खेतीयोग्य जमीनमा सिँचाई सुविधा उपलब्ध हुनेछ ।

## ३.३ भूमि व्यवस्था

### ३.३.१ पृष्ठिभूमि

भूमिको समुचित उपयोग सुनिश्चि गर्न स्थानीय जनताको स्वामित्व रहेको जमीन र सार्वजनीक जमीनको पारदर्शिता, जवाफदेहिता, विद्यमान ऐन, नियमका आधारमा गाउँपालिकाले जनताको भावना, जमीनको उत्पादन तथा उत्पादकत्वको सम्भावना, दिगो उपयोगको सम्भावनालाई ध्यानमा राखी जमीनको प्रभावकारी परिचालन गरिने छ।

### ३.३.२ समस्या र चुनौती

कृषि योग्य भूमिको खण्डिकरण, योजनाबद्ध बसोबास प्रणालिको व्यवस्था लागु नहुनु । भूउपयोग योजना तयार गरी कार्यान्वयन नहुनु, नापनक्सा कार्यमा समयानुकुल आधुनिक प्रविधिको अवलम्वन यस क्षेत्रका प्रमुख चुनौति हुन् ।

### ३.३.३ लक्ष्य

भूमि व्यवस्थालाई गाउँपालिकाको दिगो विकासको आधार बनाउने ।

### ३.३.४ रणनीति

- जनसहभागीत जुटाई क्षमता, उपयुक्तता र आवश्यकताका आधारमा भूमिको वर्गिकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन बृद्धि गर्ने ।
- आधुनिक प्रविधिमा आधारित नाप नक्सा तयार गर्ने ।

### ३.३.५ अपेक्षित उपलब्धि

गुणस्तरिय भौगोलिक सूचना प्रणालि विकास भई नीत निर्माण, योजना तर्जुमा र विकास निर्माण कार्य गर्न सहज भएको हुनेछ ।

## ३.४ सहकारी तथा गरिबी निवारण

### ३.४.१ पृष्ठिभूमि

स्थानीय आर्थिक विकासमा सहकारीको प्रवद्र्धन र परिचालन गदै गरिबी निवारण गर्ने तर्फ यस गाउँपालिकाले कार्य गर्नु पर्नेछ । सबै कृषकले सवै क्षेत्रमा उत्पादन गर्न सक्दैनन्, लागत तथा आर्थिक क्रियाकलाप र जमिन र भुगोलका कारण सवै क्षेत्र उपयोगी हुदैन पनि त्यसकारण गाउँपालिकाले सर्वेक्षण गरि निश्चित क्षेत्र र व्यवसाय तोकि एक क्षेत्र÷गाँउ एक उत्पादनमा जोड दिनु उपयुत्त हुन्छ ।

### ३.४.२ समस्या र चुनौती

स्थानीय स्त्तरमा रहेका सहकारीहरुको सुचीकृत गर्न नसकिएको । सहभागी सदस्य, लाभान्वीत संख्या र सहकारीको उद्धेश्य सम्बन्धमा तथ्याङ्क संकलन नभएको ।

### ३.४.३ लक्ष्य

स्थानीय आर्थिक विकासमा सहकारीको प्रवद्र्धन र परिचालन गदै गरिबी निवारणमा सघाउ पुर्याउने ।

### ३.४.४ रणनीति तथा कार्यनीति

- एक क्षेत्रगाउँ एक उत्पादनमा
- प्रतेक वडामा एक संकलन तथा विक्री केन्द्रको स्थापना गरि सहकारीहरुलाई परिचालन गर्ने
- विषगतरुपमा दुग्ध विकास, पशु विकास, घरेलु तथा लघु उद्यम, कृषि खाध्य तथा उत्पादन विकास, पशु पक्षिं विकास, विउ विजन विकास, तरकारी तथा फलफुल विकास र वचत तथा ऋण जस्ता सहकारीहरुको प्रवद्र्धन र परिचालन गर्ने ।

### ३.४.५ परिणात्मक स्थिति

स्थानी स्त्तरमा हरेक परिवार सहकारीमा आवद्ध भएका हुनेछन । प्रत्येक वडामा एक संकलन तथा विक्री केन्द्रको स्थापना गरि सहकारीहरु परिचालन भएका हुनेछन्

### ३.४.६ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य १ हासिल गर्ने ।

## ३.५ उद्योग, वाणिज्य तथा आपूर्ति

### ३.५.१ पृष्ठिभूमि

गाउँपालिकाले स्थानीय जनतालाई उद्यमशील बनाई घरेलु, साना तथा मझौला उद्योगको विकास र विस्तारमा संलग्न गराएर गाउँपालिकाको आर्थिक विकासलाई गतीशील बनाउन आवश्यक छ । उद्योगको विकासले रोजगारीको अवसरमा बृद्धि हुनुका साथै स्थानीय स्रोत साधनको उच्चतम परिचालन समेत हुने छ ।

### ३.५.२ समस्या र चुनौती

- स्थानीय जनतामा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्रमा स्थानीय पूँजी परिचालन हुन नसक्नु, साना उद्यमीको उत्पादन बाहिरी ठूला उद्योगको उत्पादन संग बजारमा प्रतिस्पर्धा गर्न नसक्नु, स्थानीय तहमा निजी क्षेत्र आकर्षित हुन नसक्नु, घरेलु तथा साना उद्योग प्रवद्र्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधि संयोजन गर्न स्थानीय तहको निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, कृषि संग अन्य क्षेत्र जस्तै वन, खानी जोडिन नसक्नु यस क्षेत्रका समस्या हुन् ।
- लगानी मैत्री वातावरण सृजना गरी लागत लाभका आधारमा उद्यमीलाई आकर्षित गर्नु, पूर्वाधारको विकास गर्नु, कच्चा पदार्थको उपलब्धता, भरपर्दो श्रम नीति नहुनु आदी यस क्षेत्रको विकासको चुनौति हुन् ।

### ३.५.३ लक्ष्य

- घरेलु तथा साना उद्योगको विकास र विस्तारबाट गाउँपालिकाको आर्थिक विकासमा योगदान गर्ने ।
- आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउदै, तुलनात्मक लागत लाभको दृष्टिले फाइदा हुने खालको बस्तु तथा सेवा उत्पादनमा जोड दिई आयात प्रतिस्थापनको नीति अवलम्वन गरिनेछ।

### ३.५.४ रणनीति

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवद्र्धन गर्ने ।
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण गर्ने ।
- स्थानीय श्रमीकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमीकता दिने ।

### ३.५.५ परिणात्मक स्थिति

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवद्र्धन भएको हुनेछ ।
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण हुने छ ।

### ३.५.६ अपेक्षित उपलब्धि

स्थानीय आर्थिक विकासमा उल्लेख्य सुधार भएको हुनेछ ।

## ३.६ संस्कृति तथा पर्यटन

### ३.६.१ पृष्ठिभूमि

गाउँपालिकाको आर्थिक विकासका विभिन्न क्षेत्रहरुमध्ये पर्यटन एक महत्वपूर्ण क्षेत्र हो । आफुसँग भएको भौतिक तथा प्राकृतिक सम्पदा, धार्मिक तथा पर्यटकीय स्थल, आफ्नो सामाजिक, भाषीक, साँस्कृतिक जीवन पद्दति आदि सम्बन्धी विषयबारे अरुलाई जानकारी गराई ती स्थानहरुमा भ्रमण गराई आय आर्जन गर्न सकिने व्यवसाय पर्यटन उद्योग हो । नगरापालिकाले संस्कृतिको जगेर्ना तथा पर्यटन क्षेत्रमा प्रचुर सम्भावना भएता पनि उल्लेख्य काम गर्न सकिएको छैन ।

### ३.६.२ समस्या र चुनौती

गाउँपालिका भित्र आवश्यक मात्रामा स्तरीय होटल हुन नसक्नु, यस क्षेत्रको धार्मिक, ऐतीहासीक, मनोरम क्षेत्रको महत्व बारे पर्याप्त मात्रामा प्रचार प्रसार हुन नसक्नु, यस क्षेत्रमा उत्पादन हुने खाद्यान्न आदीको पहिचान हुन नसक्नु पर्यटन विकासको समस्या हो भन्न सकिन्छ ।

### ३.६.३ लक्ष्य

कृषि तथा मनोरञ्जनका लागि नेपाल आएको वाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्ने ।

### ३.६.४ रणनीति

- हेटल तथा होमस्टे निर्माणमा सहजीकरण गर्ने ।
- स्थानीय कृषि तथा पशुपंक्षी उद्यमशीलतामा प्रबद्र्धन गर्ने ।

### ३.६.५ परिणात्मक स्थिति

पर्यटकको आकर्षण बढाउनका लागि होटल तथा होमस्टेको व्यवस्था गरिने छ । पर्यटकिय क्षेत्रहरुको विकास र प्रवद्र्धन भएको हुनेछ ।

### ३.६.६ अपेक्षित उपलब्धि

पर्यटन क्षेत्रको विकास र विस्तार, गाउँपालिकाको रोजगारी सिर्जनाको आधार हुनेछ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठिभूमि

यस गाउँपालिकाका धेरै जसो मानिसहरु कृषिमा संलग्न रहेको पाइन्छ भने केही युवाहरुको दैनिक ज्यालादारी नै रोजगारको मुख्य स्रोत रहेको पाइन्छ । केही युवाहरु निजी तथा संस्थागत नोकरी तथा आफ्नो व्यापार व्यवसाय तर्फ आकर्षित छन् । गाउँपालिकाको श्रमजिवि जनसंख्या विदेशमा रोजगारी तथा उच्च शिक्षाका लागि गएको तथ्याङ्कले देखाएको छ ।

### ३.७.२ समस्या र चुनौती

गाउँपालिका स्तरमा दक्ष, अर्धदक्ष र सामान्य दक्ष श्रमिक तथा बेरोजगार जनशत्तीको तथ्याङ्क संकलन र सुचीकरण गर्नु तथा हरेक वर्ष अध्याबधिक, वर्गिकरण र विश्लेषण नहुनु प्रमुख समस्याको रुपमा रहेको छ । देशिक रोजगारमा अधिकांश जनशक्ति रहेको छ । स्थानीय आर्थिक विकासका कार्यक्रमहरु लागु गरि सो जनशक्ति यही श्रम तथा रोजगारी गर्ने वातावरणको श्रृजना गनु आवश्यक छ ।

### ३.७.३ लक्ष्य

भुमि बैंकको स्थापना, उद्यमशीलताको प्रबद्र्धन र रोजगारीको श्रृजना

### ३.७.४ रणनीति

- सिपमुलक र प्राविधिक तालिम, कच्चा पदार्थको व्यवस्था, विउ पूंजी, विक्री वितरणको व्यवस्थामा सहजीकरण गर्ने ।
- बैदेशिक रोजगारमा रहेका तथा फर्केका जनशक्तिहरुको तथ्याङ्क संकलन गरि उत्त सिपयुत्त जनशक्तिको स्थानीयस्तरमा प्रविधि र सिप हस्तान्तरणका लागी उपयुत्त लगानीको वातावरण तथा रोजगारीको सृजना गर्दै पालिकामै उद्यमशीलतामा लगाउन सकिने अवस्थाको विकास गर्ने।

### ३.७.५ परिणात्मक स्थिति

- बैदेशिक रोजगारमा जाने दर उल्लेख्यरुपमा घटेको हुनेछ ।
- जनशत्तीको अद्यावधिक तथ्याङ्क हुनेछ ।
- भुमि बैंकको स्थापना भई उद्यमशीलताको प्रबद्र्धन र रोजगारीको श्रृजना भएको हुनेछ ।

### ३.७.६ अपेक्षित उपलब्धि

उद्यमी गाउँको रुपमा विकास हुने छ ।

### ३.७.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (सुरू र समाप्ति) | कुल लागत रू. लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | कृषि आधुनिकीकरण, पकेट क्षेत्र विकास कार्यक्रम र बजार व्यवस्थापन | कृषि उत्पादन वृद्धि गर्ने | ८०/८१ देखी निरन्तर | ४६७४ | पकेट क्षेत्र पहिचान भई कृषकले व्यवसायिक उत्पादन गरेका हुनेछन् । |
| २. | सिंचाई संरचना निर्माण, मर्मत संभार तथा अन्य कार्यक्रम | वर्षभरि सिंचाई हुने क्षेत्र विस्तार गर्नु | ८०/८१ देखी निरन्तर | २३३७ | कुल खेतियोग्य जमिनको ३६% क्षेत्रमा नियमित सिंचाई सुविधा पुगेको हुनेछ । |
| ३. | पशुपन्छी पकेट विकास कार्यक्रम | दुध, मासु, अण्डामा आत्मनिर्भर भई निर्यातको सुरुवात गर्नु | ८०/८१ देखी निरन्तर | ४६७ | दुध, मासु, अण्डाको निर्यात सुरु हुनेछ । |
| ४. | घरेलु, साना उधोग तथा व्यपार व्यवसाय प्रवर्द्धन कार्यक्रम | स्थानीय अर्थतन्त्रमा योगदान गर्नु | ८०/८१ देखी निरन्तर | ६५४ | स्थानीय रोजगारीमा २०% ले वृद्धि हुनेछ । |
| ५. | पर्यटन विकास कार्यक्रम | पर्यटन प्रवर्द्धन गर्नु | ८०/८१ देखी निरन्तर | ७४८ | आन्तरिक पर्यटकको आगमनमा १०% ले वृद्धि हुनेछ । |
| ६. | वित्तीय पहुँच विस्तार | स्थानीय अर्थतन्त्रमा औपचारिक क्षेत्रको दायरा फराकिलो बनाउनु । | ८०/८१ देखी निरन्तर | १८७ | आम नागरिकमा वित्तीय पहुँच विस्तार भएको हुन्छ । |
| ७. | उद्यमशिलता, श्रम तथा | युवाहरुलाई स्वरोजगार वनाउनु | ८०/८१ | २८० | वार्षिक रुपमा कम्तीमा २०० जनालाई नयाँ रोजगारी सिर्जना |

| **क्र.सं.** | **उपक्षेत्र/कार्यक्रम/ आयोजना** | **उद्देश्य** | **अवधि (सुरू र समाप्ति)** | **कुल लागत रू. लाखमा** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| | रोजगारी प्रवर्द्धन | तथा रोजगारी प्रदान गर्नु । | देखी निरन्तर | | हुनेछ । |

# परिच्छेद -४ सामाजिक क्षेत्र

खजुरा गाउँपालिकाको आवधिक योजनाले तय गरेको सामाजिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**सामाजिक विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान** **रकम रु हजारमा**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/८१ | २४९५६० | १४९७३६ | ९९८२४ | ० | ३७४३४ | १९९६४८ | १२४७८ | |
| आर्थिक बर्ष २०८१/८२ | २६५२८३ | १५९१७० | १०६११३ | ० | ३९७९२ | २१२२२६ | १३२६५ | |
| आर्थिक बर्ष २०८२/८३ | २८६३५३ | १७१८१२ | ११४५४१ | ० | ४२९५३ | २२९०८२ | १४३१९ | |

## ४.१ स्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठिभूमि

स्वास्थ्य मानव विकास सूचकांकको एक महत्वपूर्ण आधार हो । गाउँवासीलाई स्वस्थ बनाई राख्नका लागि स्वास्थ्य संस्था, स्वास्थ्य कर्मचारी, स्वास्थ्य पूर्वाधारको आबश्यकता पर्दछ जुन प्रर्याप्त हुन सकिरहेको छैन । यस गाउँपालिकाले स्वाथ्य तथा पोषण क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्ने उदेस्यका साथ कार्य गरिरहेको छ ।

### ४.१.२ समस्या र चुनौती

लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु । स्वास्थ्य सेवा सर्व सुलभ हुन नसक्नु । जनचेतनाको कमि ।

### ४.१.३ लक्ष्य

गाउँबासीको स्वस्थ्य र पोषणमा सुधार गर्दै गाउँविकासमा मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने ।

### ४.१.४ रणनीति

- गाउँपालिका भित्रका सबै वडामा स्वास्थ्य संस्थाहरुको विकास र विस्तार गर्ने ।
- आधारभूत स्वास्थ्य सेवामा सवैको पहुच गराउने ।
- गाउँबासीलाई पोषणयुक्त खानाको बारे सुसुचित गर्ने ।

### ४.१.५ परिणात्मक स्थिति

- स्वास्थ्य संस्थाहरुको विकास र विस्तार भएको हुनेछ ।
- निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।
- पोषणयुक्त खानाको बारे व्यापक रुपमा प्रचार प्रसार भएको हुनेछ ।

### ४.१.६ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य हासिल गर्ने तर्फ उन्मुख हुनेछ ।

## ४.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.२.१ पृष्ठिभूमि

खजुरा गाउँपालिकाको १५ देखि २४ उमेर समुहको साक्षरता ७५.३ प्रतिशत छ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा तथा संस्कृति सम्बन्धी हकको जर्गेना गर्दै प्रविधि मैत्री, गुणस्तरिय, उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भरतातर्फ उन्मुख जनशक्ति उत्पादनमा जोड दिने यस गाउँपालिकाको धेय रहेको छ । गाउँपालिका भित्रका बालबालिकाहरुलाई शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित हुन नदिन गाउँपालिका प्रतिबद्ध छ ।

### ४.२.२ समस्या र चुनौती

शिक्षक दरबन्दीको असमान वितरण, बजार क्षेत्रमा विद्यार्थीको अधिक चाप र ग्रामीण क्षेत्रमा विद्यार्थीको न्यूनता, विषयगत न्यूनतम शिक्षक दरबन्दीको कमी, विद्यार्थीको सिकाई उपलब्धि सन्तोषजनक नहुनु, विद्यालयको विकासमा समुदायको चासोको कमी, विद्यार्थी केन्द्रित शिक्षणको कमी, प्रयोगशाला पुस्तकालयको अपर्यासता ।

### ४.२.३ लक्ष्य

शिक्षण संस्थाको शैक्षिक गुणस्तर बृद्धि गर्दै विद्यार्थीहरुको सिकाई उपलब्धि अभिबृद्धि गर्ने ।

### ४.२.४ रणनीति

शिक्षक दरबन्दी मिलान कार्यदल गठन गर्ने, कक्षा क्रियाकलापलाई प्रभावकारी र सुदृढ पार्ने । विद्यालयको आवश्यकता पहिचान गरी भौतिक निर्माण गराउने । विद्यालय अनुगमनको लागि जनशक्तिको व्यवस्था गर्ने ।

### ४.२.५ परिणात्मक स्थिति

प्रत्येक शैक्षिक सत्रमा औसत सिकाई बृद्धि हुनेछ, शिक्षकको शिक्षण क्षमता विकास भएको हुनेछ, विद्यालयहरुको भौतिक सुविधा विस्तार हुनेछ, कक्षा दोहो¥याउने दर (१-५) मा शुन्य हुनेछ, खुद भर्ना दर (१-५) मा १०० प्रतिशत पु¥याइनेछ । स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुकुल पाठ्य सामाग्री निर्माण गरिनेछ । विद्यार्थीहरुको सिकाई उपलब्धि बृद्धि गरिनेछ ।

### ४.२.६ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य हासिल गर्ने तर्फ उन्मुख हुनेछ ।

## ४.३ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.३.१ पृष्ठिभूमि

युवा गाउँ विकासको महत्वपूर्ण उमेर समूहको जनशक्ति हो । युवा जनशक्तिलाई उद्यमशील कार्यमा आकर्षित गर्न सकेको खण्डमा आर्थिक क्रियाकलाप बढ्न गई गाउँपालिकाले चाहेको विकास गर्न सक्दछ भन्ने उदेस्यका साथ युवाहरुलाई गाउँ विकासको मुल प्रवाहमा ल्याइने छ । खेलकुद तथा नवप्रवर्तनका क्षेत्रमा युवा लक्षित कार्यक्रमहरु ल्याउदै युवाहरुलाई आर्किषत गर्नुपर्ने आवश्यकता छ ।

### ४.३.२ समस्या र चुनौती

युवा उद्यमीले उत्पादन गरेको वस्तु तथा सेवा प्रतिस्पर्धाका आधारमा बजारमा बिक्रि गर्न नसक्नु । स्तरीय खेल मैदानको अभाव । युवा लक्षित पर्याप्त कार्यक्रमहरु नहुनु । खेलकुदमा संलग्न युवा युवतीको भविस्यको सुनिश्चितता गर्नु । खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु ।

### ४.३.३ लक्ष्य

युवा वर्गलाई स्थानीय तहमै बसी उद्यमशील कार्यमा संलग्न हुन आकर्षित गर्ने । खेलकुदमा संलग्न युवा युवतीको भविस्यको सुनिश्चितता गर्नु । खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु ।

### ४.३.४ रणनीति

उद्योग तथा व्यवसायको क्षेत्र पहिचान गरी युवाहरुलाई लगानीको लागि उत्प्रेरी गर्ने । युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था मार्फत ऋण उपलब्ध गराउने । प्रत्येक वडामा खेल मैदान निर्माण गर्ने, उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने ।

### ४.३.५ परिणात्मक स्थिति

उद्यमि युवाहरुको विकास हुनेछ । खेलकुदका पुर्वाधार निमाण गरिनेछ । नवप्रर्वतनमा युवाहरु उत्प्रेरित हुनेछ।

### ४.३.६ अपेक्षित उपलब्धि

युवाहरु गाउँविकासको मुल प्रवाहिकरणमा समोश हुने छन् ।

## ४.४ महिला, बालबालिका तथा समाज कल्याण

### ४.१.१ पृष्ठिभूमि

सामुदायिक तथा राजनीतिक क्षेत्रमा महिला तथा बालवालिकाको सहभागिता र प्रतिनिधित्व पुरुषको दाँजोमा न्यून रहेको पाइन्छ । सामाजिक सशक्तिकरणको अभाव, साँस्कृतिक, धार्मिक, पारिवारिक वञ्चितिकरणको प्रभावले महिला,बालबालिका तथा जेष्ठ नागरिकहरु पिछडिएको अवस्थामा जीवनयापन गरिरहेको अवस्था छ ।

### ४.१.२ समस्या र चुनौती

लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु । महिला वालबालिका तथा जेष्ठ नागरिकहरुको समस्या सम्बोधन गर्ने सोंच भएता पनि नीति बनाउन सकिको छैन । वालवालिका मैत्री वातावरण निर्माण गर्न नसक्नु । आर्थिक विपन्नता भएको घर परिवारका वालवालिकालाई पोषणयुक्त खाना, वाल शिक्षा दिनु चुनौतिपूर्ण रहेको छ ।

### ४.१.३ लक्ष्य

बालवालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने । महिलाहरुलाई मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने । ज्येष्ठ नागरीकलाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने ।

### ४.१.४ रणनीति

महिलाहरुलाइ आय आर्जनको क्षेत्रमा संलग्न गराउने । महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिलाहरुलाइ गोलबद्ध गर्ने । घुम्ती स्वास्थ्य सेवाहरु उपलब्ध गराउने । शिशु स्याहार केन्द्र स्थापना गर्ने । बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गर्ने ।

### ४.१.५ परिणात्मक स्थिति

महिला साक्षरता दर बृद्धि गर्ने, सडक वालवालिका शुन्यमा झार्ने । जेष्ठ नागरिकहरुमा आधारभुत स्वास्थ्य पुगेको हुनेछ

### ४.१.६ अपेक्षित उपलब्धि

आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक सशक्तिकरण भएको हुनेछ । समतामुलक समाजको निर्माणतर्फ अग्रसर हुनेछ ।

## ४.५ खानेपानी तथा सरसफाई

### ४.१.१ पृष्ठिभूमि

स्वस्थ्य जीवनका लागि स्वछ खानेपानी तथा सरसफाई अनिवार्य हुन्छ । सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन् । यी पक्षहरुको स्वस्थताका लागि शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ । स्वछ खानेपानी तथा सरसफाईका क्षेत्रमा गाउँपालिकाले उल्लेख्य काम गर्नु पर्ने आवश्यकता छ ।

### ४.१.२ समस्या र चुनौती

स्वछ खानेपानी तथा सरसफाईका क्षेत्रमा गाउँपालिकाले उल्लेख्य काम नसक्नु । जनचेतनाको कमि ।

### ४.१.३ लक्ष्य

स्वच्छ खानेपानी समेतको सफाईयुक्त सहर निर्माण गर्ने ।

### ४.१.४ रणनीति

परम्परागत पानीको स्रोतलाई व्यवस्थीत गर्ने । नयाँ पानीको स्रोतको पहिचान गरी आधुनिक प्रविधिबाट स्वच्छ खानेपानी उपलब्ध गराउने । ल्याण्डफिल साइटको पहिचान गरी फोहोरमैला व्यवस्थापन गर्ने ।

### ४.१.५ परिणात्मक स्थिति

गाउँबासीलाई स्वच्छ खानेपानी उपलब्ध हुनेछ । सफाई युक्त हराभरा गाउँपालिको विकास हुनेछ ।

### ४.१.६ अपेक्षित उपलब्धि

स्वच्छ खानेपानी, सफाईयुक्त सहर, पूराहुनेछ गाउँबासीको सपनाको सहर ।

### ४.१.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (सुरू र समाप्ति) | कुल लागत रू. लाखमा | आपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सार्वजनिक शिक्षाको गुणस्तर सुधार कार्यक्रम | शिक्षाको गुणस्तर सुधार गर्नु, प्राविधिक शिक्षालाई विस्तार गर्नु | ८०/८१ देखि निरन्तर | ३२०५ | भौतिक पूर्वाधार, न्यून आय भएका परिवारको पहुँच, खुद भर्ना दर र शैक्षिक गुणस्तरमा वृद्धि भएको हुनेछ |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (सुरू र समाप्ति) | कुल लागत रू. लाखमा | आपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २. | स्वास्थ्य सेवा सम्वन्धि पूर्वाधार निर्माण र दक्ष जनशक्ति व्यवस्थापन | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नु | ८०/८१ देखि निरन्तर | २४०४ | आधारभूत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि हुनेछ |
| ३. | महिला तथा बालबालिका विकास कार्यक्रम | बालबालिकाको संरक्षण र विकास, महिलाहरुको आर्थिक र सामाजिक शसक्तिकरणमा सहयोग पुर्याउनु | ८०/८१ देखि निरन्तर | १६० | वार्षिक रुपमा बालबालिकाहरुको संरक्षणको लागि जनचेतना, महिला लक्षित सीप विकास र स्वोरोजगारी कार्यक्रम संचालन हुनेछ |
| ४. | जेष्ठ नागरिक मिलनकेन्द्र तथा सम्मान कार्यक्रम | जेष्ठ नागरिक लाई जीवनयापनमा सहयोग गर्नु | ८०/८१ देखि निरन्तर | १२० | जेष्ठ नागरिक मनोरञ्जन पार्कको निर्माण तथा घुम्ती स्वास्थ्य सेवा संचालन हुनेछ |
| ५. | दलित, उत्पीडित, बर्ग उत्थान | सामाजिक विभेदको अन्त्य गर्नु, दलितहरुको शिक्षा, स्वास्थ्य, रोजगारीको लागि विशेष प्राथमिकता दिनु | ८०/८१ देखि निरन्तर | १२० | दलितहरुको शसक्तिकरण भएको हुनेछ |
| ६. | आदिवासी जनजाती उत्थान कार्यक्रम | आदिवासी जनजातीको भाषा संस्कृतिको संरक्षण गर्नु | ८०/८१ देखि निरन्तर | १२० | आदिवासी जनजातीको भाषा संस्कृतिको संरक्षण गरी समावेशी विकास हुनेछ |
| ७. | बाल अधिकार तथा बाल संरक्षण कार्यक्रम | बालबालिकाको समग्र विकास गर्नु | ८०/८१ देखि निरन्तर | ८० | बालबालिका मैत्री गाउँ पालिका हुनेछ |
| ८. | युवा तथा खेलकुद कार्यक्रम | खेल पूर्वाधारको विकास गरी राष्ट्रिय स्तरका खेलाडी | ८०/८१ देखि निरन्तर | ४००१ | खेलकुद पूर्वाधारको निर्माण भई खेलाडीहरुलाई प्रोत्साहन हुनेछ |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (सुरू र समाप्ति) | कुल लागत रू. लाखमा | आपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | निर्माण गर्नु | | | |
| ९. | अपांगता भएका व्यक्ति विकास कार्यक्रम | सिप विकास गरी स्वरोजगार बनाउनु | ८०/८१ देखि निरन्तर | ८० | क्षमता अनुसारको सीप विकास मार्फत स्वरोजगार हुनेछन् |
| १०. | खानेपानी तथा सरसफाई | स्वच्छ खानेपानी उपलब्ध गराउनु | ८०/८१ देखि निरन्तर | १२०२ | ८० प्रतिशत जनताले स्वच्छ तथा सफा खानेपानी पाउनेछन् |
| ११. | साँस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन | साँस्कृतिक, धार्मिक सम्पदा संरक्षण गरी पर्यटक आकर्षित गर्नु | ८०/८१ देखि निरन्तर | १२० | साँस्कृतिक, धार्मिक सम्पदा संरक्षण भएको हुनेछ |

# परिच्छेद-५ पूर्वाधार क्षेत्र

खजुरा गाउँपालिकाको आवधिक योजनाले तय गरेको पूर्वाधार क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**पुर्वाधार विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान** **रकम रु हजारमा**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/८१ | १७४६९२ | १०४८१५ | ६९८७७ | ० | २९६९७ | १३६२६० | ८७३५ | |
| आर्थिक बर्ष २०८१/८२ | १८५६९८ | १११४१९ | ७४२७९ | ० | ३१५६९ | १४४८४४ | ९२८५ | |
| आर्थिक बर्ष २०८२/८३ | २००४४७ | १२०२६८ | ८०१७९ | ० | ३४०७६ | १५६३४९ | १००२२ | |

## ५.१ भवन, आवास, बस्ती तथा शहरी विकास

### ५.१.१ पृष्ठिभूमि

शहरी विकास गर्नु गाउँपालिकाको महत्वपूर्ण काम हो । शहरमा भवन तथा अन्य ठूला संरचना बन्ने हुनाले योजनाबद्ध रुपमा ती संरचनाहरुको निर्माण गर्नु पर्दछ । यसमा वातावरण, विपद व्यवस्थापन, सुन्दरता जस्ता विषय व्यवस्थीत हुनु पर्दछ । भवन, आवास, बस्ती तथा शहरी विकासका क्षेत्रमा यस गाउँपालिकाले धेरैकामहरु गर्नुपर्ने आवश्यकता छ ।

### ५.१.२ समस्या र चुनौती

शहरमा हुनु पर्ने आवश्यक संरचना निर्माण हुन नसक्नु, सरकारी निकाय बीच पूर्वाधार निर्माणमा समन्वय हुन नसक्नु, पर्याप्त अध्ययन विना संरचना निर्माण गरिनु जस्ता विषय शहरी विकासका प्रमुख समस्या हुन् । संरचना निर्माणमा आवश्यक समन्वय कायम गरी राजनीतिक सहमती जुटाउनु चुनौतिपूर्ण रहेको छ ।

### ५.१.३ लक्ष्य

व्यवस्थित आवास निर्माण गरी  सुन्दर गाउँपालिका बनाउने ।

### ५.१.४ रणनीति

मुख्य सहर भित्रको बाटाको चौडाईको मापदण्ड निर्धारण गरी खानेपानी, ढल, विजुली लगायतका संरचना एकिकृत रुपमा निर्माण गर्नु । नीजी घर, सार्वजनीक संस्था तथा अन्य भवन निर्माण मापदण्ड अनुसार बनाउन कडाई गर्नु । प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र विकास गर्ने ।

### ५.१.५ परिणात्मक स्थिति

सहरी क्षेत्र भित्र विन्दु निर्धारण गरी त्यसको निश्चित क्षेत्र भित्र भवन, पार्क आदि निर्माण गरिएको हुनेछ । प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्रको विकास गरिनेछ ।

### ५.१.६ अपेक्षित उपलब्धि

सुविधायुक्त सुरक्षित आवास निर्माण तर्फ अग्रसर हुनेछ ।

## ५.२ सडक तथा यातायात व्यवस्था

### ५.२.१ पृष्ठिभूमि

सडक तथा यातायातको उचित व्यवस्थाले गाउँपालिकाको अवस्था समेत झल्काउछ । यस गाउँपालिका भित्र पक्की, ग्राभेल तथा कच्ची सडक रहेको अवस्था छ । जसमा जम्मा १६ कि.मी. पक्की सडक रहेको छ भने करिब २१३ कि.मी ग्राभेल सडक विस्तार भएको छ । सहरीकरण बढ्दै गएको हुनाले गाउँपालिका भित्र यातायतासञ्चालन गर्न सकिने प्रचुर सम्भावना भएतापनि उल्लेख्य काम गर्न सकिएको छैन ।

### ५.२.२ समस्या र चुनौती

गाउँपालिका भित्र यातायात व्यवसायीहरु यातायात सञ्चालन गर्न आकर्षित नहुनु मुख्य चुनौति भएको देखिन्छ ।

### ५.२.३ लक्ष्य

आर्थिक तथा सामाजिक विकासमा सघाउ पुग्ने सबै स्थानमा दिगो सडक बाटो निर्माण गर्ने । नियमीत तथा सर्वसुलभ रुपमा यातायात सेवा सञ्चालन गर्ने ।

### ५.२.४ रणनीति

आर्थिक कृयाकलापलाई बढावा दिने स्थानमा सडक बाटो निर्माण गरिनेछ । शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी बनाउन घना वस्ती भएको ठाउँमा व्यवस्थीत सडक निर्माण गरिनेछ । सहरी क्षेत्रमा सडक मापदण्डका आधारमा सडक निर्माण गरिनेछ । चक्रपथ तथा सबै वडाहरुबीच अन्तर यातायात सञ्जाल विकास गर्ने ।

### ५.२.५ परिणात्मक स्थिति

निश्चित मापदण्डका आधारमा सडक निर्माण भएको हुने । सबै वडाहरुमा यातायात संजाल पुगेको हुने ।

### ५.२.६ अपेक्षित उपलब्धि

दिगो र भरपर्दो सडक तथा यातायात पूर्वाधार, गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासको आधार हुनेछ ।

## ५.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ५.३.१ पृष्ठिभूमि

यस गाउँपालिका क्षेत्रमा जलस्रोतको सम्भावना भएता पनि उल्लेख्य रुपमा उपभोग गर्न सकिएको छैन । गाउँपालिका अन्तर्गत प्राय सबै स्थानमा विद्युतिकरण सम्पन्न भएको छ । वैकल्पिक उर्जाको प्रयोग बढाउन सकिरहेको छैन ।

### ५.३.२ समस्या र चुनौती

गाउँपालिकाको आर्थिक विकासका लागि जलस्रोतको वहुउपयोगलाई प्रवर्द्दन गर्नु आबश्यक छ । पानीको मुहान आवश्यकता अनुसार नभएकोले पिउने पानी, सिँचाई सुबिधा उपलब्ध गराउनु चुनौतिपूर्ण रहेको ।

### ५.३.३ लक्ष्य

पूर्ण विद्युतिकरण, जलस्रोतको वहुउपयोग । वैकल्पिक उर्जाको प्रवर्द्दन ।

### ५.३.४ रणनीति

विद्युत सेवा सबै उपभोक्तामा सर्वसुलभ रुपमा उपलब्ध गराउनु । गुणस्तरिय विद्युत सेवा उपलब्ध गराउनु । वैकल्पिक उर्जाको प्रयोग बढाउने ।

### ५.३.५ परिणात्मक स्थिति

जलस्रोतको पुर्ण उपयोग गरिने छ । दिगो विद्युतिकरण १०० प्रतिशत पुर्याईने छ ।

### ५.३.६ अपेक्षित उपलब्धि

जलस्रोतको उपयोग हुनेछ, पुर्ण विद्युतिकरण भएको हुनेछ ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठिभूमि

सुचना तथा संचारका साधनहरु टेलिफोन, हुलाक, रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट आदि सञ्चार प्रणाली अन्तर्गत पर्दछन् । यी माध्यमहरुको सहायताले छिटो र भरपर्दो रुपमा सूचनाहरुको आदानप्रदान गरी कार्यदिशलाई कार्यान्वयन गर्न, नवीनतम ज्ञान, सीप प्राप्त गर्न सकिन्छ । तसर्थ यसले सूचनाको माध्यमबाट

सामाजिक तथा आर्थिक विकासका विकासका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस गाउँलाई सूचना प्रविधिमैत्री बनाउने बनाउने कार्य भईराखेको भएता पनि प्रर्याप्त हुन सकेको छैन ।

### ५.४.२ समस्या र चुनौती

सूचना प्रविधिको कार्यको क्षेत्रमा बजेटको कमि, केन्द्र, प्रदेश र स्थानीय तहबीच सूचना आदान प्रदानमा एकद्वारा प्रणाली नहुनु । सूचना प्रविधिको क्षेत्रमा बजेटको कमी हुंदा भनेजति काम गर्न नसक्नु ।

### ५.४.३ लक्ष्य

गाउँपालिका भित्र सूचना प्रविधिको विकास र विस्तार गर्ने । सूचना सञ्जालको विकास गर्नु । प्रविधि युक्त पालिका निर्माण गर्नु ।

### ५.४.४ रणनीति

पालिकाका गतिविधिहरु वेवसाइटमा प्रकाशन गर्ने । सूचनाहरुको सम्प्रेषण अनलाइन मार्फत गर्ने । पालिकाबाट हुने काम कारवाही सूचना प्रविधिको प्रयोग बाट गर्ने गरेको । त्यसको लागि राजस्व, योजना, अर्थ सफ्टवेयर मार्फत गर्ने गरेको । बाँकी रहेका कामहरुको लागि सफ्टवेयरको प्रयोग गराउदै लगिनेछ ।

### ५.४.५ परिणात्मक स्थिति

गाउँपालिका क्षेत्रमा इन्टरनेटको पहुँच १०० प्रतिशत पुर्याउने । स्मार्ट गाउँपालिकाको रुपमा विकास गर्ने ।

### ५.४.६ अपेक्षित उपलब्धि

प्रविधियुक्त गाउँपालिका निमार्णतर्फ अग्रसर हुनेछ ।

### ५.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (सुरू र समाप्ति) | कुल लागत रू. लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सडक तथा यातायात क्षेत्र विकास कार्यक्रम | सबै जनसंख्यालाई सहज र भरपर्दो यातायात सेवा प्रदान गर्नु | ८०/८१ देखि निरन्तर | ३३६५ | वाहिरी चक्रपथको सम्भाव्यता अध्ययन, थप २० कि. मि. सडक कालोपत्रे भई स्तरउन्नति हुनेछ |
| २. | सञ्चार तथा सुचना प्रविधि पुर्वाधार | सञ्चार तथा सुचनाको पहुँच विस्तार गर्नु | ८०/८१ देखि निरन्तर | २८० | ६०% घरधुरीले इन्टरनेट सेवा प्रयोग गर्नेछन् |
| ३. | विद्युत तथा उर्जा | १००% घरमा | ८०/८१ देखि | ५६१ | १००% घरमा विद्युत सेवा विस्तार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विद्युत सेवा विस्तार गर्नु | निरन्तर | | भएको हुनेछ |
| ४. | भवन तथा वस्ति विकास | व्यवस्थित वस्ती विकास गर्नु | ८०/८१ देखि निरन्तर | १४०२ | व्यवस्थित वस्ती विकासको सुरुवात हुनेछ |

# परिच्छेद -६

## वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र

खजुरा गाउँपालिकाको आवधिक योजनाले तय गरेको वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

रकम रु हजारमा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/८१ | ७४८६८ | ४४९२१ | २९९४७ | ० | १०४८२ | ५९८९४ | ४४९३ | |
| आर्थिक बर्ष २०८१/८२ | ७९५८५ | ४७७५१ | ३१८३४ | ० | ११९४२ | ६३६६८ | ४७७५ | |
| आर्थिक बर्ष २०८२/८३ | ८५९०६ | ५१५४४ | ३४३६२ | ० | १२०२७ | ६८७२४ | ५१५५ | |

### ६.१ वन तथा जैविक विविधता

#### ६.१.१ पृष्ठिभूमि

यस गाउँपालिकामा पाइने प्रमुख प्रजातीहरुमा साल, सिसौ पर्दछन् । गाउँपालिका अन्तर्गत पर्ने वन क्षेत्रहरु जुन जैविक विविधताले महत्वपुर्ण मानिन्छ, उक्त क्षेत्रमा पाइने मुख्य जडिबुटीको व्यवसायिक प्रयोजनका हिसाबले प्रयोग भएको भने पाँइदैन । बाढी पहिरो नदी कटान, हुरीवतासबाट सम्भावीत जोखिमको अबस्था छ ।

#### ६.१.२ समस्या र चुनौती

यस गाउँपालिकामा बाढी पहिरो, नदी कटान, हुरीवतास, लगाएत डडेलोबाट सम्भावीत जोखिमको अबस्था रहेको छ । विकास निर्माणमा प्रकृतीको संरक्षण प्रमुख चुनौती रहेको छ ।

### ६.१.३ लक्ष्य

वन क्षेत्रको बृद्धि गर्ने । सामुदायिक वनहरुको विकास र प्रवद्र्धन गर्ने ।

### ६.१.४ रणनीति

वन तथा जैविक विविधता नीति बनाई लागु गर्ने । संरक्षण र संम्बद्र्धनमा समुदायको परिचालन गर्ने

### ६.१.५ परिणात्मक स्थिति

वन क्षेत्रको वृद्धि हुनेछ । सामुदयिक वनहरुको संरक्षण र सम्बर्धन मार्फत आय जार्जनमा बृद्धि हुनेछ।

### ६.१.६ अपेक्षित उपलब्धि

वन तथा जैविक विविधतायुत्त शहरको निर्माण तर्फ अग्रसर हुनेछ ।

## ६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठिभूमि

यस गाउँपालिकामा डुवान, भूक्षय तथा बाडी पहिरोको जोखिम रहेको छ । जलाधार क्षेत्रहरुको संरक्षण हुन सकेको छैन । वातावरण सन्तुलन, बाढी पहिरो संरक्षण, हरियालीको विकास गर्न आवश्यक छ । जलाधार क्षेत्रहरुको पहिचान गरि संरक्षण र सम्बर्धन गर्नु पर्ने छ ।

### ६.२.२ समस्या र चुनौती

गाउँपालिकामा डुवान, भूक्षय तथा बाडी पहिरोको अत्यन्त जोखिम रहेको छ । जलाधार क्षेत्रहरुको पहिचान र संरक्षण हुन सकेको छैन ।

### ६.२.३ लक्ष्य

विकास निर्माणमा प्रकृतिको विनास रोक्ने ।

### ६.२.४ रणनीति

नीति निर्माण गरि भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा समुदाय परिचालन गरि कार्य गर्ने ।

### ६.२.५ परिणात्मक स्थिति

समुदायमा आधारित वन व्यवस्थापन लागु भएको हुनेछ । नीजि तथा कृषि वन प्रवद्र्वन भएको हुनेछ।

### ६.२.६ अपेक्षित उपलब्धि

भूक्षयिकरणमा कमि ल्याइने छ । जलाधार क्षेत्रहरुको पहिचान र संरक्षण भएको हुने छ ।

## ६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.३.१ पृष्ठिभूमि

वतावरणको समुचित व्यवस्थापन विना मानव तथा अन्य जीव जन्तुको अस्तित्वमा समेत नकारात्मक असर पर्दछ । तसर्थ वन तथा वातावरणको उचित व्यवस्थापन विना मानिसको सामाजिक तथा आर्थिक विकास कठिन र अपुर्ण हुन जान्छ । वायु तथा जलीय प्रदुषण, ध्वधि प्रदुषण, ढल निकास र फोहरमैलाबाट उत्पन्न प्रदुषण लगायतका समस्याहरु यस गाउँपालिकाको शहरी क्षेत्रमा परेको छ ।

### ६.३.२ समस्या र चुनौती

यस गाउँक्षेत्रमा निर्माणधिन सडकका कारण वायु, यातायात बाट ध्वनि प्रदुषण रहेको छ तथा ढल निकास र फोहरमैलाको उचित व्यवस्थापन नहुदा वातावरणमा प्रभाव परेको भएता पनि यस गाउँपालिका वातावरण र प्रदुशण कम गर्ने तर्फ काम गरिरहेको छ ।

### ६.३.३ लक्ष्य

वातावरणीय प्रदुशण उल्लेख्य मात्रामा कम गर्ने ।

### ६.३.४ रणनीति

जनचेतना बृद्धि गर्ने । समुदाय परिचालन मार्फत फोहर व्यवस्थापन गर्ने ।

### ६.४.५ परिणात्मक स्थिति

शुन्य फोहरको अवधारणाको विकास हुनेछ । घरमै फोहरमैला व्यवस्थापन गर्ने परिपाटिको विकास हुनेछ । ढल निकास तथा सेप्टीट्याकी लाई घर नक्सा संग जोडेर व्यवहारमा ल्याईने छ ।

### ६.५.६ अपेक्षित उपलब्धि

प्रदूषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापनका क्षेत्रमा उल्लेख्य सुधार हुनेछ ।

## ६.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ६.४.१ पृष्ठिभूमि

यस गाउँपालिकामा डुवान, भूक्षय तथा बाढीपहिरो पनि प्रमुख समस्याको रुपमा रहेका छन् । यसबाट ग्रामीण जनताको जनजीवन मात्र नभई राष्ट्रकै आर्थिक तथा सामाजिक अवस्थामा प्रश्न चिन्ह खडा हुने गर्दछ । ग्रामीण भेगमा जथाभावी कृषि सडक खन्नु, बन फँडानी हुनु, आचारसंहिता विपरीत पूर्वाधार निर्माण हुनु, नदी खोला वरिपरिका जग्गाहरु मिचेर घर बनाउनु आदि यसका प्रमुख कारणहरु हुन् । यसको कारण नेपालको ग्रामीण भेगमा वर्षेनी अत्यधिक धनजनको क्षति हुने गरेको प्राप्त तथ्याङ्कले देखाएको छ ।

### ६.४.२ समस्या र चुनौती

वातावरणीय समस्याहरुमा जनसमुदायभित्र वातावरण प्रदुषण हुने खालको उद्योग खोल्नु, सडकमा यातायातको चाप बढ्नु, पुराना यातायातका साधनहरु सञ्चालन गरिनु, मिसावट तेल प्रयोग भएका यातायात सञ्चालनमा आउनु, अत्यधिक मात्रामा वन फँडानी हुनु, कलकारखानाबाट निस्केको फोहर सीधै नदीमा मिसाउनु, घर घरमा शौचालयको निर्माण नहुनु आदि समस्याहरु रहेका छन् । गर्मी मौसममा हुने आगलागी तथा डढेलो पनि एक प्रमुख वातावरणीय समस्या रहेको छ ।

### ६.४.३ लक्ष्य

विपद् व्यस्थापन तथा जलवायु अनुकुलनका क्षेत्रमा सुधार ल्याउने ।

### ६.४.४ रणनीति

वृक्षारोपण स्थान तोक्ने, डढेलो तथा आगलागी सम्बन्धि सचेतना बढाउने, वातावरण मैत्री सडक निर्माण गर्ने, रिचार्ज पोखरी निर्माण र संरक्षण गर्ने, जोखिम क्षेत्रको पूर्व तयारी गर्ने, वैज्ञानिक वन बनाई आर्थिक स्रोत आय वृद्धि गर्ने । भवन निर्माण मापदण्ड कडाईका साथ पालना गर्ने ।

### ६.४.५ परिणात्मक स्थिति

विपद् व्यवस्थापनमा पुर्व तयारी तथा तत्पर शहरको निर्माण भएको हुनेछ । जलवायु अनुकुलन नीती अनुसार कार्य गरिनेछ ।

### ६.४.६ अपेक्षित उपलब्धि

विपदका घटनामा कमि आएको हुनेछ । जलवायु परिवर्तन संग जुध्न सक्ने उत्थानशिल शहरको विकास क्रममा रहनेछ ।

### ६.४.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (सुरू र समाप्ति) | कुल लागत रू. लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | वन विकास तथा वातावरण संरक्षण | वन तथा हरियाली क्षेत्र विस्तार गर्नु | ८०/८१ देखि निरन्तर | ७२१ | २% वन तथा हरियाली क्षेत्र हुनेछन् |
| २. | विपद् व्यवस्थापन | विपद् वाट हुने क्षती न्यूनीकरण गर्नु | ८०/८१ देखि निरन्तर | १६८३ | विपद् व्यवस्थापनको लागि आश्रय स्थल निर्माण तथा वडा स्तरमा विपद् व्यवस्थापन एकाई हुनेछ |

### ६.६. जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भरपर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

# परिच्छेद -७ संस्थागत विकास तथा सुशासन

खजुरा गाउँपालिकाको आवधिक योजनाले तय गरेको संस्थागत विकास तथा सुशासन क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**संस्थागत विकास तथा सुशासन विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

**रकम रु हजारमा**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आर्थिक बर्ष २०८०/२०८१ | ४१,५९३ | २४९५६ | १६६३७ | 0 | ६२३९ | ३३२७४ | २०८० | |
| आर्थिक बर्ष २०८१/२०८२ | ४४,२१४ | २६५२८ | १७६८६ | 0 | ६६३२ | ३५३७१ | २२११ | |
| आर्थिक बर्ष २०८२/२०८३ | ४७,७२६ | २८६३६ | १९०९० | 0 | ७१५९ | ३८१८१ | २३८६ | |

## ७.१ कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठिभूमि

वर्तमान संविधान २०७२ को धारा २१७ ले दिएको अधिकार बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७-१ र ४७-२ बमोजिम स्थानीय सरकारले न्यायीक निरोपण गर्न सक्ने व्यवस्था गरिएको छ । यो नेपालको सन्दर्भमा स्थानीय सरकारको लागि नयाँ किसिमको कार्य जिम्मेवारी हो । गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउन आवश्यक छ जसले सुशासनको प्रत्याभुती गराउनेछ ।

### ७.१.२ समस्या र चुनौती

- संविधान अनुसारका स्थानीय सरकारहका हक अधिकारको सुची अनुसारका कानुन बनाउन सकिएको छैन ।
- स्थानीय तहमा ज्ञान तथा अनुभवको कमी भएको हुँदा न्याय प्रति विश्वास दिलाउनु चुनौतिपूर्ण छ।
- न्यायीक क्षेत्र गाउँपालिकाको नजरमा कम प्राथमिकतामा परेको जस्तो देखिन्छ ।

### ७.१.३ लक्ष्य

न्यायमा स्थानीय जनताको सुलभ पहुंच पुर्याउने । गाउँवासीलाई सुशासनको प्रत्याभुती गराउनेछ ।

### ७.१.४ रणनीति

स्थानीय सरकारका हक अधिकारको सुची अनुसारका कानुन बनाउने, सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउने । विवादलाई मेलमिलापबाट समाधान गरिने नीति लिइने ।

### ७.१.५ परिणात्मक स्थिति

सार्वजनिक सेवा दक्ष, पारदर्शी र प्रभावकारी हुनेछ । न्यायीक समितिले मेलमिलापको नीति अंगिकार गरी न्यायमा स्थानीय जनताको सुलभ पहुंच पुर्याउने ।

### ७.१.६ अपेक्षित उपलब्धि

कानुनी शासन, छिटो छरितो कम खर्चिलो न्याय प्रणालीको विकास र सुशासन कायम भएको हुनेछ ।

## ७.२ संगठनात्मक विकास तथा मानव संशाधन

### ७.२.१ पृष्ठिभूमि

गाउँपालिकाले संस्थागत संरचनाको अभावमा प्रयाप्त दक्ष विशिष्टीकृत ज्ञान सिप क्षमता योग्यता भएको जनशक्तिको निर्माण हुन सकिरहेको छैन । क्षमता विकासका कार्यक्रमहरुको समेत कमि रहेको छ । गाउँपालिकाले संगठनात्मक विकास संरचना बनाई क्षमता विकास योजना बनाउन आवश्यक देखिएको छ ।

### ७.२.२ समस्या र चुनौती

वढ्दो जनअपेक्षा अनुरुप चुस्त दुरुस्त रुपमा क्ष्ऋत् दयबचम सेवा प्रवाह गर्ने काम चुनौतिपूर्ण छ भने विश्व बजारमा उपलब्ध विभिन्न प्रविधि सूचना प्रविधिको विकास र विस्तार गर्ने अवसर समेत हो । क्षमता विकासका कार्यक्रमहरुमा पर्याप्त बजेट नहुनु , सुचना प्रविधिमा जनशक्तिलाई अभ्यस्त बनाउन नसन्नु ।

### ७.२.३ लक्ष्य

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरीक सन्तुष्टि ।

### ७.२.४ रणनीति

खजुरा गाउँको सेवा प्रवाहलाई छरितो र चुस्त बनाई नागरिक सन्तुष्टी बढाउने । संगठनात्मक संरचना सर्वे गरि निर्धारण गर्ने । क्षमता विकास योजना बनाई कार्यान्वयन गर्ने । विषयगत शाखाहरुको प्रभावकारी व्यवस्थापन गर्ने । सबै शाखाहरुको कार्य विभाजन गर्ने । सबै कर्मचारीमा सीप दक्षता अभिवृद्धि गर्ने।

### ७.२.५ परिणात्मक स्थिति

संगठनात्मक संरचना बनेको हुनेछ । क्षमता विकास योजना बनाई कार्यान्वयन भएको हुनेछ ।

### ७.२.६ अपेक्षित उपलब्धि

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरीक सन्तुष्टिको सोच चरितार्थ हुनेछ ।

## ७.३ स्रोत परिचालन

### ७.३.१ पृष्ठिभूमि

गाउँपालिकाको आन्तरिक राजस्वको आकारले गाउँपालिकाको क्षमता र गाउँपालिका योजना छनौटमा कति स्वायत्त छ भन्ने कुरा देखाउँदछ । राजस्वको पर्याप्तता, लचकता, न्यायपूर्ण, स्वीकार्यता, संगतीपूर्ण, आर्थिक तथा प्रशासनीक संभाव्यता, राजनीतिक स्वीकार्यता यस गाउँपालिकाको आन्तरिक राजस्व परिचालनका मुल नीति हुनेछ । कानूनमा उल्लेख गरिएको आधारमा लगाइने आन्तरिक राजस्वको दर निर्धारण गर्दा जनचाहना, छिमेकी र राष्ट्रिय दरको औषतलाई आधार बनाइनेछ । कानून अनुसार आन्तरिक राजस्वको आधार बढाउन जनसहभागीतालाई जोड दिइनेछ ।

### ७.३.२ समस्या र चुनौती

कर मैत्री राजस्व सुधार योजना नहुनु , कर करदाता शिक्षा सञ्चालन नहुनु, कर छल्ने प्रवृति विकास, करदातालाई कर सहभागिता प्रक्रियामा संलग्न गराउन कठिन ।

### ७.३.३ लक्ष्य

विगतमा संकलन भएको राजस्वमा वृद्धि गर्ने । गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

### ७.३.४ रणनीति

- गाउँबासीहरु करको दायराबाट कोही नछुटुन, कोही नदोहोरिउन भन्ने मान्यताका आधारमा आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका आधारहरु बढाउन अधिकतम पहल गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका दरहरुलाई जनभावना अनुसार आवश्यक समायोजन गरिनेछ ।
- संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम बढी भन्दा बढी लिनका लागि अनुदानका मापदण्ड पूरा गर्न अधिकतम पहल गरिनेछ ।
- गाउँपलिका भित्र आर्थिक कृयाकलाप बढाउन सहयोग पुग्ने प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोतको खोजी गरिने छ ।

### ७.३.५ परिणात्मक स्थिति

विगतमा संकलन भएको राजस्वमा उल्लेख्य वृद्धि भएको हुनेछ । स्रोतहरुको खोजी र स्रोतको कुशल परिचालन गरिएको हुनेछ ।

### ७.३.६ अपेक्षित उपलब्धि

प्रशासनिक खर्च आन्तिरिक स्रोतवाट प्रर्याप्त भई पुजीगतमा समेत योगदान दिनेछ ।

## ७.४ तथ्याङ्क प्रणाली र योजना व्यवस्थापन

### ७.४.१ पृष्ठिभूमि

समय सापेक्ष तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन सकेको छैन । आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनु पर्दछ । योजनाहरुको कार्यान्वयन स्थिति, गाउँपालिकाबाट हुने सेवा प्रवाह सम्बन्धमा पनि सर्वसाधरणले थाहापाउने गरी सूचना प्रवाह गर्न प्रभावकारी सूचना प्रविधि हुन आवश्यक छ । गाउँपालिकाले कानून अनुसार काम गर्न प्रशासन व्यवस्थालाई सूचना प्रविधि मैत्री बनाउनु पर्ने हुन्छ ।

### ७.४.२ समस्या र चुनौती

तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन नसक्नु । आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिल्न नसक्नु ।

### ७.४.३ लक्ष्य

तथ्यांकको नियमितरुपमा अद्यावधिक गर्ने ।

### ७.४.४ रणनीति

आवधिक योजनाको लक्ष्य अनुसार कार्यान्वयन गर्ने । मध्यमकालिन खर्च संरचना बनाई बजेट कार्यन्वयन गर्ने । सुचना प्रविधिको व्यापक प्रयोगबाट तथ्याङ्क व्यवस्थापन तथा क्रमिक अध्यावधिक गर्ने ।

### ७.४.५ परिणात्मक स्थिति

आवधिक योजनाले लिएको लक्ष्य हासिल गरिने छ । गाउँ सुचना केन्द्र तथा स्रोत केन्द्रको व्यवस्था हुनेछ ।

### ७.४.६ अपेक्षित उपलब्धि

योजनाबद्ध गाउँको विकास हुनेछ ।

### ७.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (सुरू र समाप्ति) | कुल लागत रू. लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संस्थागत सुशासन तथा क्षमता विकास | सुशासन अभिबृद्धि र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउनु | ८०/८१ देखि निरन्तर | १०६८ | नीति, कानुन र कार्यविधिको परिपालनामा वृद्धि हुनेछ, सेवाग्राही सन्तुष्ट हुने दर १५% ले वृद्धि हुनेछ |
| २. | सामुदायिक साझेदारी तथा गैरसरकारी संस्थाहरु | गैरसरकारी संस्थाहरुलाई सामाजिक विकासमा परिचालन गर्नु | ८०/८१ देखि निरन्तर | २६७ | गैरसरकारी संस्थाहरु र सामुदायिक साझेदारीमा एक द्वारा प्रणाली वाट सामाजिक |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (सुरू र समाप्ति) | कुल लागत रू. लाखमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | विकासले गति लिनेछ |

## ७.६. जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भरपर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

# परिच्छेद -८ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

खजुरा गाउँपालिकाको आवधिक योजनाले तय गरेको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन संग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन को मध्यमकालीन अनुगमन प्रणाली तयार पारिएको छ । प्रत्येक कार्यक्रमको अनुगमन गर्ने निकाय, अनुगमन विधि र अनुगमनको पटक आदि खुलाइएको अनुगमन तालिका तल दिइएको छ।

### (१) आर्थिक विकास

| क्र. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १. | व्यवसायिक बाली उत्पादन कार्यक्रम | कृषि शाखा | १,३,४,५,६,७ | ४ पटक | कृषि शाखा | कृषि शाखा |
| २. | कृषि पूर्वाधार | कृषि शाखा | ३,४ | ४ पटक | कृषि शाखा | कृषि शाखा |
| ३. | खाद्यान्न बिज वृद्धि कार्यक्रम | कृषि शाखा | ३,७ | २ पटक | कृषि शाखा | कृषि शाखा |
| ४. | बजार व्यवस्थापन कार्यक्रम | कृषि शाखा | ३ | २ पटक | कृषि शाखा | कृषि शाखा |
| ५. | फलफुल उत्पादन कार्यक्रम | कृषि शाखा | १,३,७ | २ पटक | कृषि शाखा | कृषि शाखा |
| ६. | पशुपंक्षी स्वास्थ्य तथा नक्ष्ल सुधार कार्यक्रम | कृषि शाखा | १,३,७ | २ पटक | कृषि शाखा | कृषि शाखा |
| ७. | डेरी उद्योग कार्यक्रम | कृषि शाखा | १,३,७ | २ पटक | कृषि शाखा | कृषि शाखा |
| ८. | मासु उत्पादन कार्यक्रम | कृषि शाखा | १,३,७ | २ पटक | कृषि शाखा | कृषि शाखा |
| ९. | समन्वयात्मक कृषि कार्यक्रम | कृषि शाखा | १,२,३ | २ पटक | कृषि शाखा | कृषि शाखा |
| १०. | पर्यटन विकास कार्यक्रम | आर्थिक विकास | १,२ | २ पटक | आर्थिक विकास | आर्थिक विकास |

| क्र. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| ११. | सिंचाइ | पूर्वाधार | १,३,६,७ | २ पटक | पूर्वाधार | पूर्वाधार |
| १२. | सहकारी | आर्थिक विकास | १,२,३,६ | १ पटक | आर्थिक विकास | आर्थिक विकास |
| अनुगमन विधिहरुः १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

## २. सामाजिक क्षेत्रः शिक्षा तथा खेलकुद

| क्र. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि ८ | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | शिक्षक/शिक्षिका तालिम | शिक्षा शाखा | १,३,५ | ३ | शिक्षा शाखा | शिक्षा शाखा |
| २ | अनौपचारीक शिक्षा तथा चेतना कार्यक्रम | शिक्षा शाखा | २,३,५ | ३ | शिक्षा शाखा | शिक्षा शाखा |
| ३ | खाजा कार्यक्रम | शिक्षा शाखा | ३,७ | ६ | शिक्षा शाखा | शिक्षा शाखा |
| ४ | विद्यालय भौतिक पूर्वाधार निर्माण | शिक्षा शाखा | १,३,४,५ | २ | शिक्षा शाखा | शिक्षा शाखा |
| ५ | विद्यालय आइसिटि पूर्वाधार निर्माण | शिक्षा शाखा | १,३,४,५ | २ | शिक्षा शाखा | शिक्षा शाखा |
| ६ | इसिडि कार्यक्रम | शिक्षा शाखा | १,३,४,५ | २ | शिक्षा शाखा | शिक्षा शाखा |
| ७ | छात्रवृत्ति वितरण | शिक्षा शाखा | १,३,५ | ४ | शिक्षा शाखा | शिक्षा शाखा |
| ८ | शिक्षण सामग्री वितरण | शिक्षा शाखा | २,५,६ | २ | शिक्षा शाखा | शिक्षा शाखा |
| ९ | खेल संचालन | शिक्षा शाखा | १,३ | २ | शिक्षा शाखा | शिक्षा शाखा |
| अनुगमन विधिहरुः १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ | | | | | | |

| क्र. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि ८ | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

## ३. स्वास्थ्य

| क्र. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि ८ | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | घरमा शून्य सुत्केरी | स्वास्थ्य शाखा | ३,५,६ | ३ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा |
| २ | शुन्य मातृ नवशिशु र बालबालिका अभियान | स्वास्थ्य शाखा | २,३,५ | ३ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा |
| ३ | स्वास्थ्य भौतिक पूर्वाधार निर्माण | स्वास्थ्य शाखा | ३,७ | २ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा |
| ४ | पोषण विशेष कार्यक्रम | गा.पा. | १,३,४,५ | ३ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा |
| ५ | किशोर किशोरी विशेष | स्वास्थ्य शिक्षा | १,३,४,५ | २ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा |
| ६ | प्रजनन् स्वास्थ्य कार्यक्रम | स्वास्थ्य शाखा | १,३,४,५ | २ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा |
| ७ | पूर्ण सरसफाई युक्त गाउँपालिका | स्वास्थ्य शाखा | १,३,५ | ४ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा |
| ८ | खोप केन्द्र भवन | स्वास्थ्य शाखा | २,५,६ | २ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा |
| ९ | औजार, औषधि उपकरणको व्यवस्थापन | स्वास्थ्य शाखा | १,३ | २ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा |
| अनुगमन विधिहरु:१ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

## ४. खानेपानी तथा सरसफाइ

| क. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि८ | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी | गा.पा. | ३,५,६ | ३ | गा.पा. | खापा |
| २ | स्वच्छ खानेपानी कार्यक्रम | गा.पा. | २,३,५ | ३ | गा.पा. | खापा |
| ३ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | गा.पा. | ३,७ | २ | गा.पा. | खापा |
| ४ | मासिक सरसफाई अभियान कार्यक्रम | गा.पा. | २,३,६ | १२ | गा.पा. | खापा |
| अनुगमन विधिहरुः१ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

## ५. भौतिक पूर्वाधार

| क. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि८ | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | सडक निर्माण | गा.पा. | ३,४,७ | ४ | गा.पा. | सडक शाखा |
| २ | सिँचाई | गा.पा. | ३,४,७ | ४ | गा.पा. | सिँचाई |
| ३ | भवन तथा शहरी विकास | गा.पा. | ३,४,७ | ४ | गा.पा. | भवन तथा शहरी विकास |
| ४ | ऊर्जा | गा.पा. | ३,४,७ | ४ | गा.पा. | गा.पा. |
| ५ | लघु तथा साना जल विद्युत | गा.पा. | ३,४,७ | ४ | गा.पा. | गा.पा. |
| ६ | वैकल्पिक ऊर्जा | गा.पा. | ३,४,७ | ४ | गा.पा. | गा.पा. |
| ७ | सञ्चार | गा.पा. | ३,४,७ | ४ | गा.पा. | गा.पा. |
| अनुगमन विधिहरुः १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ | | | | | | |

| क. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि ८ | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

## ६. वन वातावरण तथा विपद् व्यवस्थापन

| क. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि ८ | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वनलाई उत्पादनसँग जोडि फलफुल खेती गर्ने | गा.पा. | ३,४,७ | २ | गा.पा. | गा.पा. |
| २ | जैवीक विविधताको संरक्षण | गा.पा. | ३,४,७ | २ | गा.पा. | गा.पा. |
| ३ | जलाधार संरक्षण | जिसस | ३,४,७ | १ | गा.पा. | गा.पा. |
| ४ | जलवायु परिवर्तन | जिसस | ३,४,७ | १ | गा.पा. | गा.पा. |
| ५ | फोहोरमैला | गा.पा. | ३,४,७ | ६ | गा.पा. | गा.पा. |
| ६ | जल उत्पन्न प्रकोप | गा.पा. | ३,४,७ | १ | गा.पा. | गा.पा. |
| ७ | विपद् व्यवस्थापन | गा.पा. | ३,४,७ | ५ | गा.पा. | गा.पा. |
| अनुगमन विधिहरुः १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

## ७. संस्थागत विकास तथा सुशासन

| क्र. सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि ८ | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | मानव संसाधन विकास | गा.पा. | ३,४,७ | १ | गा.पा. | क्षमता विकास शाखा |
| २ | संस्थागत क्षमता विकास | गा.पा. | ३,४,७ | १ | गा.पा. | क्षमता विकास शाखा |
| ३ | सूचना प्रविधि | गा.पा. | ३,४,७ | १ | गा.पा. | सुचना प्रविधि शाखा |
| ४ | लेखांकन | गा.पा. | ३,४,७ | १ | गा.पा. | आर्थिक प्रशासन, योजना शाखा |
| ५ | राजस्व | गा.पा. | ३,४,७ | १ | गा.पा. | राजस्व शाखा |
| अनुगमन विधिहरुः १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |